मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9802592799

9803474311

9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ | अंक ९२ | २०८१ साल माघ २८ गते सोमबार | Monday 10, February 2025 | सूर्योदय: बिहान ६:४५ बजे | सूर्यास्त: साँझ ५:५४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-


## 'तल्लो तहका मान्छे अझै निगाहमै बाँच्नुपर्ने ?'



**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले कार्यालय सहयोगी, ड्राइभर, स्विपर, मालीलगायत श्रेणीविहीन कर्मचारीको जागिर सुनिश्चितताको ग्यारेन्टी गर्नुपर्ने माग गरेका छन् । उनले लोकसेवा आयोगले उनीहरुलाई स्थायी पदपूर्ति गरेर रोजगारीको सुनिश्चितता गर्नुपर्ने माग गरे ।

आइतबार प्रतिनिधि सभा बैठकमा साहले नेता र हाकिम, कर्मचारीको चाकडी

*बाँकी पृष्ठ २ मा*

# कृषिक्षेत्रमा कोशेढुंगा हुने गरी आयो कृषि ऐन



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाबाट प्रदेश कृषि विकास विधेयक सर्वसम्मतले पारित भएको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले पारित गर्न पेश गरेको विधेयक सर्वसम्मतले पारित भएको हो । सभामुख रामचन्द्र मण्डलले सभामा विधेयक निर्णयार्थ प्रस्तुत गर्दा विपक्षमा कुनै पनि सांसद नभएपछि प्रदेश कृषि विकास विधेयक सर्वसम्मतले पारित भएको सदनमा घोषणा गरे ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २०८० जेठ ३० गते प्रदेशसभामा दर्ता गराएको विधेयक प्रदेश सभामा २०८० मंसिर १५ गते पेश भएको थियो । जेठ २२ गतेदेखि सामान्य छलफल भएको विधेयक विषयगत समितिबाट पुनः प्रदेशसभामा आएपछि छलफल भएपछि छलफलक्रममा उठेको प्रश्नको जवाफ मन्त्रीले दिएपछि विधेयक सर्वसम्मतिले पारित भएको छ ।

कृषि मन्त्रालयले आधुनिकीकरण, विविधीकरण, यान्त्रिकिकरण र व्यवसायीकरणमार्फत कृषि उत्पादन, उत्पादकत्व र मूल्य श्रृखला वृद्धि गर्दै रोजगारी सृजना गर्ने, खाद्य सुरक्षा र दिगो आर्थिक वृद्धिदर हासिल गर्न, कृषिक्षेत्रमा प्रवाह हुने सेवासुविधा, प्रविधि, प्रोत्साहनका कार्यक्रमलाई न्यायोचित, प्रभावकारी एवम् पारदर्शी तवरबाट सञ्चालन गर्न र क्षेत्रगत नियमनलाई सहज, व्यवस्थित बनाउन वाञ्छनीय रहेको भन्दै विधेयक प्रदेशसभामा ल्याएको थियो ।

प्रदेशभामा सदस्यले उठाएको प्रश्नको जवाफ दिँदै मन्त्री क्षेत्रीले धेरै पहिलादेखि नै कृषिलाई आधुनिकरण गर्नुपर्छ भन्ने कुरा गरिए पनि अहिलेसम्म हुन नसकेको जिकिर गर्दै कृषिक्षेत्रलाई पर्याप्त बजेट, प्रविधिमैत्री खेतीबाट मात्रै कृषिलाई आधुनिकरण गर्न सकिने बताए ।

उनले प्रदेशमा कृषिका कतिपय सामान खेर गइरहेको र यसका लागि किसानले समस्या खेपिरहेको बताउँदै सरकारले कृषिक्षेत्रमा उद्योग लगाउनेलाई केही सहुलियतसमेत दिने जिकिर गरे ।

मन्त्री क्षेत्रीले भने, 'कृषि पेसा व्यवस्थित भएन, यसलाई व्यवस्थित र व्यवसायीकरण गर्नुपर्ने आवश्यकता छ । यसो भए मात्रै यसले विकास र किसानलाई राहत दिने छ ।' मन्त्री क्षेत्रीले कृषि उपज सहजरुपमा बजार नपुगेकाले समेत किसानले लाभ नपाइरहेको अवस्था रहेको बताउदै सबै भन्दा पहिला यस्ता समस्या समाप्त गर्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले मधेश कृषिक्षेत्रका लागि उर्वर भूमि भए पनि किसानमैत्री नीति र प्रविधि अभावका कारण किसानले लाभ नपाइरहेको अवस्था रहेको बताए । उनले प्रविधिमैत्री क्षेत्रको विकास नभएको कारणसमेत उत्पादनमा वृद्धि हुन नसकेको बताए । पूर्वकृषिमन्त्री वसन्त कुशवाहले किसानलाई आवश्यक तालिम व्यवस्था, किसान पेन्सन योजना, किसान लोक कार्ड, किसान सूचना केन्द्रसहितको व्यवस्था ऐनमा हुनुपर्ने बताए । उनले किसानले सबैभन्दा बढी मलको समस्या खेपिरहेको बताउँदै यसका लागि सरकारले ठोस नीति बनाउनुपर्ने आवश्यकतामा जोड दिए ।

प्रदेश सभा सदस्य रामअशिष यादवले बीउबिजन बाहिरबाट ल्याउनु पर्ने अवस्था अन्त्य गर्न प्रदेशमा बीउ भण्डारण हुनुपर्ने बताए । उनले अहिले पनि करिब ९५ प्रतिशत बीउ भारतसहित अन्य मुलुकबाट आउने गरेका कारण यसको व्यवस्थापन मधेश प्रदेशले गर्नुपर्नेमा जोड दिए ।

प्रदेश सभा सदस्य लखन दासले सरकारले किसानलाई उत्साहित बनाउने र र युवालाई कृषिमा प्रोत्साहन गराउने गरी काम गर्नुपर्नेमा जोड दिए ।

## शून्य समयः विभिन्न समस्यामा सरकारको ध्यानाकर्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको शून्य समयमा प्रदेश सभाका सदस्यहरुले विभिन्न समस्याप्रति सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेश सभा बैठक प्रारम्भ भएपछि शून्य समयमा बोल्दै प्रदेश सभाका सदस्यले आआफ्नो क्षेत्र समस्याका साथै विभिन्न समस्याप्रति सरकारको ध्यानाकर्षण गराए ।

बैठकको प्रारम्भमा प्रदेश सभा सदस्य किरणकुमारी साहले सबैभन्दा व्यवस्थित शहरका रुपमा रहेको राजविराज नगरपालिकामा ढलको समस्या देखिएको बताउँदै ढलको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराइन् । उनले सरकारले नगरको सौन्दर्यता कायम राख्न र फोहरको समस्या समाधान गर्न ध्यान दिनुपर्ने आवश्यकता रहेको बताइन् । उनले राजविराज सबैभन्दा व्यवस्थित शहर रहेकाले यसलाई अझ व्यवस्थित बनाउनुपर्नेमा जोड दिइन् ।

प्रदेश सभा सदस्य जिवछी यादवले ऊर्जा, सिँचाइ मन्त्रालयका सचिवले प्रदेश सभाबाट पारित भएको संकल्प प्रस्तावको मर्मअनुसार काम नगरिरहेको भन्दै मुख्यमन्त्री सतिश कुमार सिंहको ध्यानाकर्षण गराइन् । उनले प्रदेश सभाबाट पारित संकल्प प्रस्तावअनुसार काम नगरेर प्रदेश सभाको निर्णयको अवमूल्यन गरिएको भन्दै सरकारको ध्याणकर्षण गराउदै अटेर गर्ने सचिवमाथि कारबाही माग गरिन् ।

त्यसैगरी, प्रदेश सभा सदस्य मालाकुमारी कर्णले जताततै इरिक्सा र अव्यवस्थित पार्किङका कारण सर्वसाधारणलाई सास्ती भइरहेको बताउँदै कतिपय ठाउमा विनादर्ता रिक्सा सञ्चालन भइरहेको बताइन् । उनले विना रुटपरमिट र दर्ताविना सञ्चालित रिक्सा व्यवस्थित गर्न माग गरिन् । उनले विभिन्न शहरमा देखिएको अव्यवस्थित पार्किङको समस्या समाधानमा जोड दिइन् ।

## नागरिक आवास कार्यक्रममा एजेन्टमार्फत पाँच हजार असुल



**मधेशदृष्टि**
**रौतहट ।**
गरुडा नगरपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रममा लाभग्राहीसँग पाँच हजार रुपैयाँका दरले रकम असुल गरिएको तथ्य सतहमा आएको छ । गरिब र विपन्नका नाममा आएको रकममा एजेन्ट लगाएर पैसा उठाइएको पीडितहरुले बताए ।

सुरक्षित नागरिक आवास कार्यक्रममार्फत नागरिकको खरको छाना भएका घर विस्थापित गर्न ७५ हजार रूपैयाँ पाउने व्यवस्था छ । व्यवस्थाअनुसार गरिब र विपन्नका नाममा गरुडामा गत आर्थिक वर्षमै आएको रकममा कमिसनस्वरुप पाँच हजार रुपैयाँका दरले प्रतिपरिवार पैसा असुल गरिएको पीडितहरुको भनाइ छ । वडासचिवले आफूहरुसँग पाँच हजार रुपैयाँका दरले पैसा लिएको गरुडा नगरपालिका वडा नम्बर ४ का रवि साहले बताए । बैंक खाता खोल्नुपर्ने भन्दै पैसा उठाइएको उनी बताउँछन् । पैसा लिएको १० महिना बित्दा पनि आफूहले पाउनुपर्ने रकम पाउन नसकेको उनको भनाइ छ ।

त्यस्तै, अर्का स्थानीय दीपेन्द्र साह भन्छन्, 'नागरिकका लागि आएको रकममा कुनै किसिमको पैसा नउठाउनु पर्ने हो तर हामीहरुसँग 'फ्रड' गरिएको छ । लाभग्राहीले पाउनुपर्ने सुविधा नगरपालिकाले छिटो उपलब्ध गराइदिन माग गरे । गरिबसँग पैसा उठाउनेलाइ कारबाही गर्न पनि सम्बन्धित निकायलाइ ध्यानाकर्षण

*बाँकी पृष्ठ २ मा*


हार्दिक बधाई



मिश्रीलाल मधुकर

मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेर पत्रकारितामा क्रियाशील मधेशदृष्टिकर्मी मिश्रीलाल मधुकरजी भारत, बिहार, मधुवनीमा जारी नवौँ अन्तर्राष्ट्रिय कृषि सम्मेलनमा 'उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार'बाट सम्मानित भएकामा हाम्रा पाठक, दर्शक, स्रोता, शुभचिन्तक, शुभेच्छुकमा खुशी साझा गर्दै पुरस्कृत व्यक्तित्वलाई हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

ध्रुव साह
कार्यकारी अध्यक्ष

Tv BIRGUNJ | RADIO | मधेशदृष्टि राष्ट्रिय दैनिक



## प्रेस विज्ञप्ति

*सूचना प्रकाशित मिति : २०८१, माघ २८*

हालै केही संचार माध्यमहरू तथा विभिन्न सामाजिक संजालहरू मार्फत यस **सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि**. तथा कम्पनीका कर्मचारी, अभिकर्ता, शेयरधनी र संचालकहरूको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले सुनियोजित रूपमा विभिन्न शिर्षक राखी कम्पनी प्रति नकारात्मक असर पुऱ्याउने नियतले कपोलकल्पित, भ्रामक, अतिरंजित र तथ्यहीन समाचारहरू प्रकाशन तथा प्रसारण गरिएको प्रति कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

जीवन बीमा क्षेत्रकै ऐतिहासिक सफल मर्जर सम्पन्न गरी कम्पनीले छोटो समयमा नै आफ्ना हरेक सूचांकहरूमा उत्कृष्टता हासिल गर्दै लाखौं बीमितहरूको रोजाईको कम्पनी बन्न सफल भएको छ। कम्पनीले यस आ.व.२०८१/८२ को पौष मसान्त सम्ममा कुल बीमा शुल्क रु.५०६.४७ करोड संकलन गरेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८.३१ प्रतिशतले बढी हो। कम्पनीले मर्जर पश्चात आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को बार्षिक साधारण सभा सम्पन्न गरी शेयरधनीहरूका लागि क्रमशः ३५ प्रतिशत र २० प्रतिशत गरी ५५ प्रतिशत लाभांस समेत बितरण गरीसकेको छ। आ.व.२०८१/८२ को पौष मसान्त सम्म कम्पनीको चुक्ता पूँजी रु ५०१ करोड, कुल लगानी रु ४,२४२ करोड, जीवन बीमा कोष रु.३,८०३ करोड, खुद नाफा रु.१९.६१ करोड, जारी बीमालेख संख्या ३१.७२ लाख, प्रशिक्षित अभिकर्ता संख्या १ लाख र देश भर रहेका १७४ शाखा संजाल मार्फत सेवा प्रदान गरीरहेको छ।

चालु आ.व.को पौष मसान्त सम्ममा कम्पनीद्वारा ११३४ वटा बीमालेखको मृत्युदाबी वापत रु.३८.९५ करोड, ७७ वटा बीमालेखको घातक रोग दाबी वापत रु. ३.९२ करोड र १३ वटा बीमालेखको अशक्तता दाबी वापत रु १.१ करोड गरी रु.४४.०६ करोड दाबी रकम भुक्तानी गरिसकेको छ। कम्पनीले जारी गर्ने हरेक बीमालेखहरू नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणको निर्देशिका अनुसार तयार गरी स्वीकृति पश्चात मात्र बिक्रिवितरण गर्ने गरिएको छ। साथै कम्पनीले कुनै पनि किसिमको दाबी भुक्तानी गर्दा नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा उल्लेख भएको सुविधा, शर्त तथा नियमहरू साथै पुनर्बीमा कम्पनीहरू सँग भएको सम्झौता अनुसार दाबी भुक्तानी गर्ने गरिएको छ। कम्पनीमा चालु आ.व. को पौष मसान्त सम्ममा गत आ.व. को तुलनामा ४७ प्रतिशत कम बीमालेख समर्पण भएका छन्। कम्पनीको बीमालेख समर्पणको अवस्था जीवन बीमा क्षेत्रमा औसत भन्दा न्यून छ।

कम्पनीले सधैं संस्थागत सुशासन, बीमा ऐन तथा नीति नियमहरूको परिपालना गर्दै आएको छ। साथै, नेपाल बीमा प्राधिकरणको प्रत्यक्ष निगरानी एवं निर्देशन अनुरूप आफ्ना सम्पूर्ण कार्यसम्पादन गरिरहेको छ। नेपाल सरकारका अन्य नियामक निकायहरू लगायत सम्बन्धित सबै सरोकारवाला नियामक निकायहरूको नीति, नियम तथा निर्देशनहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकता दिएर कम्पनी अगाडि बढिरहेको जानकारी गराउन चाहन्छौं।

कम्पनीका माथि उल्लेखित सूचांकहरूका बावजुद हाल केही मिडियाहरूमा प्रशारित समाचारहरू पूर्ण रूपमा आधारहीन, तथ्यहीन र कपोलकल्पित रहेको स्पष्ट छ। यस्ता निराधार आरोपहरूले लाखौं बीमित, शेयरधनी तथा हजारौं अभिकर्ताहरूको विश्वासलाई कमजोर पार्ने प्रयास गरिएको देखिन्छ। तर कम्पनी आफ्नो दायित्व प्रति पूर्ण प्रतिबद्ध रहँदै विगतमा झैं आफ्नो सेवा निरन्तर प्रदान गरिरहने छ ।

त्यसैले, यस्ता आधारहीन समाचारहरूको पछि नलागी निर्धक्क भई कम्पनीमा दृढ विश्वास राख्न तथा कम्पनीले जारी गर्ने बीमालेखहरू खरिद गर्न तथा सेवा सुविधा लिनुहुन सबैलाई हार्दिक अनुरोध गर्दछौं। साथै, कम्पनीसँग सम्बन्धित कुनै पनि सुझाव वा गुनासो भएमा नजिकको शाखा कार्यालय वा कम्पनीको आधिकारिक इमेल मार्फत जानकारी गराउन अनुरोध गर्दछौं। कम्पनी यस्ता भ्रामक समाचार प्रसारण तथा प्रकाशन विरुद्ध कानुनी उपचारका लागि अघि बढ्ने प्रक्रियामा रहेको सबैमा जानकारी गराउँदछौं।

SuryaJyoti जीवनको लागि | CERTIFIED ISO 9001:2015 CERTIFIED

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२

इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

# मन्त्री लेखीसँग एसपीको गुनासो

## सवारी साधनको अभावमा गस्ती गर्न कठिनाइ



**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेशका गृहमन्त्री राजकुमार लेखीले जिल्ला प्रहरी कार्यालय सप्तरीको निरीक्षण तथा अनुगनम गरेका छन् । गृहमन्त्री लेखीले आइतबार बिहान सप्तरी प्रहरीको भौतिक अवस्था, बसोबासको अवस्था तथा सवारीसाधनको अवस्थाबारे अवलोकन निरीक्षण गरेका हुन् । निरीक्षणका क्रममा सप्तरी प्रहरीले कार्यालयमा सवारीसाधनको अभाव रहेकाले गस्ती गर्न कठिनाई भइरहेको गुनासो गरेका थिए ।

आफ्नो गृह जिल्ला पुगेका मन्त्री लेखीलाई प्रहरी प्रमुख डकेन्द्र खतिवडाले कार्यलयको अवस्थाबारे जानकारी गराएका थिए ।

'सप्तरी प्रहरीमा कुल ३ वटा पिकअप गाडी रहेकाले गस्ती तथा पेट्रोलिङ गर्न समस्या आइरहेको गृहमन्त्रीज्यूलाई जानकारी गराइएको छ,' एसपी खतिवडाले भने, 'यो सँगै सप्तरी प्रहरीको भौतिक संरचनाको अवस्था पनि दयनीय रहेको जानकारी गराएका छौँ ।'

जिल्ला प्रहरी कार्यालयको समस्याबारे आफू अवगत रहेको बताउँदै मन्त्री लेखीले भने, 'केन्द्र सरकारले हामीलाई कुल ३० प्रतिशत बजेट मात्रै दिएको छ, त्यसकारण हामीले बजेटको हिसाबमा समस्या नै छ । तैपनि आवश्यकता अनुसार प्रदेश सरकारले प्रहरी सहयोग गर्नेछ ।'

गृहमन्त्री लेखीले सप्तरीमा प्रहरीको भवन निर्माण तथा केही सवारीसाधनका लागि चाँडै सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनका अनुसार दुइ महिनाभित्रै सप्तरी प्रहरीमा गाडी अभावको समस्या तथा भौतिक संरचनाको समस्या समाधान गर्न पहल गर्ने बताए ।

# 'तल्लो तहका मान्छे अझै निगाहमै...

गरेर श्रेणीविहीन कर्मचारीले काम गरेर कहिलेसम्म बाँच्नु पर्ने भन्दै स्थायी गरेरै उनीहरुको रोजगारी सुनिश्चितता गर्न सुझाव दिए ।

'सरकारी निकायमा तल्लोस्तरमा काम गर्ने कार्यालय सहयोगी, ड्राइभर, सुरक्षागार्ड, माली र स्विपरलगायतका तल्लो तह र श्रेणीविहीनको जीवन एकदमै कष्टकर छ । जागिर नै पूरै असुरक्षित छ, जागिर निरन्तरताका लागि शासक र नेता गुहारिरहनुपर्ने, चाकडी गर्नुपर्ने बाध्यता छ,' साहले भने, 'सरकारलाई सोध्न चाहन्छु कि ती पोष्टमा स्थायी माग गरेर पदपूर्तिको काम केले रोक्यो ? आजभोलि लोकसेवा आयोगले जति पनि विज्ञापन गरिरहेको छ, कक्षा १२ भन्दा माथिको मात्रै भइरहेको छ, के ती श्रेणीविहीन पोष्ट सरकारी निकायबाट हटाइएको हो ? ती पोष्ट जरुरी छैन ? सरकारी निकायमा गाडीको जरुरी छ भने ड्राइभरको किन विज्ञापन हुँदैन ? के चालकहरु नेपाली नागरिक होइनन् ? के गरिब नेपाली नागरिक होइनन् ?'

तल्लो तहमा काम गर्ने कर्मचारी राज्यमा कुनै पहुँच नपाउने र जहिल्यै उनीहरुले चाकडीमात्रै गर्नुपर्ने हो र भन्दै साहले प्रश्न उठाए । तल्लो तहका मान्छेले जहिल्यै अरुकै निगाहमा जीवन बाँच्नुपर्ने हो र यस्तै अवस्थाका लागि नेपाली नागरिकले लडेर गणतन्त्र ल्याएका हुन् भन्दै साहले प्रश्न गरे । 'हिजो राजतन्त्रमा त यी पोष्टमा स्थायी भ्याकेन्सी हुन्थे । उनीहरुले पनि पेन्सन पाउँथे । उनीहरु पनि सम्मानित भएर मानव जीवन बाँच्थे, तर आज जसरी नारकीय र दासताको जीवन बाँच्नुपर्ने स्थिति छ, यसको अन्त्य होस भन्न चाहन्छु,' साहले भने ।

उनले निजामती ऐनमार्फत अहिले नारकीय जीवनयापन गर्न बाध्य तल्लो तह र श्रेणीविहीन कर्मचारीको भावना र माग सम्बोधन होस भन्ने माग गरे ।

# नागरिक आवास कार्यक्रममा...

गराए ।

सोही वडाका सियाराम साहले फर्मका नाममा आफूहरुसँग वडासचिवले पाँच हजार रुपैयाँ लिएको बताए । पाँच हजार रुपैयाँ उठाइएको एउटा अडियो संवाद पनि बाहिर आएको छ । गरुडा नगरपालिका वडा नम्बर ५ का स्थानीय शैलेन्द्र यादवसँग भएको संवादमा श्री साह नाम गरेका व्यक्तिले पैसा उठाएको स्वीकार गरेका छन् । यता वडा नम्बर ४ का वडा सचिवसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुनसकेनन । गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुस्ताक आलमसँग बु्ुझ्दा उनले भने, 'गत आर्थिक वर्ष २०८०–८१ मै सुरक्षित नागरिक आवासका लागि रकम आएको थियो । पहिलो किस्ताको रकम ४५ हजार रुपैयाँ सम्बन्धित व्यक्तिका खातामा गइसकेको छ ।'

दोस्रो किस्ताको रकम चालु आर्थिक वर्षमा पैसा आएपछि पठाइने उनको भनाइ छ । पैसा कसले उठायो भनेबारे आफूलाइ केही जानकारी नभएको आलमले बताउँछन् ।

गरुडा नगरपालिकामा कति संख्यामा सुरक्षित नागरिक आवास रकम आएको हो भन्नेबारे बुझेर बताउने उनको तर्क थियो । नगरपालिकाले पहिलो किस्ताको रकम खातामा गइसकेको भनिरहेका छन् भने लाभग्राहीले पैसा नपाएको भनिरहेका छन् । पाँच हजार रुपैयाँ भने आफूहरुसँग उठाइएको उनीहरुले भनिरहेका छन् । सुक्ष्म तरिकाले यसबारे अनुसन्धान जरुरी देखिएको छ ।

गरुडा नगरपालिकाका मेयर प्रत्यासी दीपक यादवले गरिबसँग ठगिएको रकम फिर्ता गर्न र लाभग्राहीले पाउनुपर्ने सुविधा अविलम्ब उपलब्ध गराउन नगरपालिकासँग अनुरोध गरे । साथै लाभग्राहीको सूची सार्वजनिक गर्न पनि उनले माग गरे ।

स्मरणीय रहोस्, आर्थिक वर्ष २०७५–७६ को बजेट वक्तव्यमार्फत पराल तथा खरका छाना भएका घरलाई जस्ताको पातामा रूपान्तरण गर्ने उद्देश्यबाट सुरक्षित नागरिक आवास कार्यक्रम सुरुवात गरिएको थियो । कार्यक्रमअन्तर्गत जस्तापाता, काठलगायत सामग्री खरिद गर्न प्रतिघरपरिवार ५० हजार रुपैयाँ अनुदान दिन थालिएको थियो । पछि आर्थिक वर्ष २०७८–७९ देखि भने प्रतिघरपरिवार अनुदान रकम बढाएर ७५ हजार रूपैयाँ पु¥याइएको थियो ।

# जनकपुर साहित्य महोत्सव...

राजनीतिलाई केवल दुई अलग विधामात्र नभएर समाज परिवर्तनका लागि परस्पर पूरक तत्वका रूपमा व्याख्या गरे ।

'समाज, साहित्य र सिनेमा तीन 'स'को अन्तरसम्बन्ध' शीर्षकअन्तर्गत साहित्य र सिनेमाको आपसी सम्बन्ध, प्रभाव र अन्तरक्रियाका विषयमा चर्चा गरिएको थियो । कवि विप्लव प्रतीक, अभिनेत्री केकी अधिकारी र अभिनेता तथा लेखक विजय बराल सहभागी उक्त सत्रको सहजकर्ता पूर्णेन्दुकुमार झा रहनुभएको थियो । कवि प्रतीकले समाज र साहित्यको आपसी सम्बन्धका बारेमा आफ्नो दृष्टिकोण राख्दै भने, 'साहित्य भनेको समाजको ऐना हो । समाजमा भइरहेका घटना, प्रवृत्ति र विकृतिलाई साहित्यले आवाज दिन्छ । हामीले साहित्यमार्फत समाजलाई विश्लेषण गर्नेमात्र होइन, समाजलाई मार्गदर्शन गर्ने प्रयास गर्छौं ।' अभिनेत्री अधिकारीले साहित्य र चलचित्रबीचको अन्तरसम्बन्धलाई उजागर गरे । उनले भने, 'चलचित्र भनेको साहित्यको एउटा दृश्यात्मक रूप हो । साहित्यले जुन भावना, विचार र सन्देशलाई व्यक्त गर्छ । चलचित्र त्यसलाई दृश्य र ध्वनिको माध्यमबाट व्यक्त गर्छ । तर, साहित्यको जस्तो गहिराई प्राप्त गर्न चलचित्रमा अझै धेरै चुनौतीपूर्ण छ । यद्यपि, अहिलेको समयमा धेरै सिनेमा साहित्यमा आधारित हुँदै बनेका छन् । यसले दर्शकलाई गहिरो गरी सोच्न बाध्य पार्छ ।' अभिनेता तथा लेखक बरालले चलचित्र र समाजको गहिरो सम्बन्धको बारेमा चर्चा गर्दै भने, 'चलचित्र भनेको समाजको एउटा चौंकाउने साधन हो । यसको बलियो पक्ष भनेको यो दृश्यमा आधारित हुन्छ र यसले तत्काल व्यक्तिको भावनामा परिवर्तन ल्याउन सक्छ । चलचित्र एक शक्तिशाली माध्यम हो । यसले समाजको सामुन्ने धेरै जटिल मुद्दालाई सजिलोसँग राख्न सक्छ ।' सहजकर्ता झाले समापनमा उक्त सत्रको निष्कर्ष निकाल्दै भने, 'समाज, साहित्य र चलचित्र एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । यी तीनै माध्यमले एकअर्कालाई प्रभावित गर्छन् र समाजमा ठूलो प्रभाव पार्छन् । साहित्यले समाजलाई बदल्न सक्ने क्षमता राख्छ भने चलचित्रले समाजलाई सशक्त बनाउन सक्छ ।'

# तीनदिने कृषि एक्स्पो समापन

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
एसके चौधरी एजुकेशन ट्रष्ट कृषि विज्ञान केन्द्र चानपुरा बसैठ मधुबनी बिहारमा तीनदिने मेगा एग्रो एक्स्पो २०२५ आइतबार समापन भएको छ । डा. सन्तकुमार चौधरीको अध्यक्षतामा सम्पन्न समापन समारोहमा प्रमुख अतिथि बिहार सरकारका क्याबिनेट मन्त्री लेसी सिंह थिए । कृषि विज्ञान केन्द्र चानपुरा बसैठले गरेको स्वास्थ्य, शिक्षा र कृषिमा आधारित मेगा एग्रो एक्स्पो मधुबनी र नेपालको सीमावर्तीका लागि वरदान सावित भएको उनले बताए ।

कृषि प्रदर्शनीमा भारतलगायत ३९ देशका कृषि वैज्ञानिकको सहभागिता थियो । किसानले कृषि र स्वास्थ्यबारे जानकारी पाएका थिए । उनले एसके चौधरी ट्रष्टले देशभर शिक्षा र कृषिमा गरेको काम गर्वको विषय भएको बताए । विशेष अतिथि जनकपुरधामका मेयर मनोजकुमार साहले नेपाल र भारत फरक राष्ट्र भए पनि दुवै देशको सभ्यता र संस्कृति समान रहेको बताए । रोटी र छोरीबीचको सम्बन्ध रहेको र खासगरी बिहार र मधेश राज्यको हावापानी समान भएकाले दुवै देशले कृषिमा संयुक्त समन्वयमा कायम गर्नुपर्ने उनको भनाइ थियो । कोशी, बागमती, कमलालगायतका नदीबाट दुवै देशमा सिँचाइ हुने गरेको उनले बताए । तर ग्लोबल वार्मिङका कारण नदीमा पानीको सतह घट्दै जानु चिन्ताको विषय भएकाले यसको समाधानका लागि संयुक्त पहल गर्न जरुरी रहेको साहले बताए । समापन कार्यक्रममा विधायक हरिभूषण ठाकुर बचौल, विधान पार्षद घनश्याम ठाकुर, नेपाल सरकारका कृषि मन्त्रालयका पूर्वसचिव योगेन्द्रकुमार कार्कीलगायतले बोलेका थिए । कृषि क्षेत्रमा काम गर्नेहरुलाई सम्मान गरिएको थियो ।

# मधुकरलाई उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार



एसके चौधरी एजुकेशन ट्रष्ट कृषि विज्ञान केन्द्र चानपुरा बसैठ मधुबनी बिहारको तीनदिने मेगा एग्रो एक्स्पो २०२५ मा मधेशदृष्टिकर्मी मिश्रीलाल मधुकर सम्मानित भएका छन् । नवौँ अन्तर्राष्ट्रिय सम्मेलनका अवसर पारेर मधुकरलाई 'उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार' प्रदान गरिएको हो । मधुकर नेपाल भारत सीमाका समाचारलाई सक्रियरुपमा नेपाल र भारतका विभिन्न मिडियामा पनि प्रसार तथा प्रकाशनमा सक्रिय पत्रकार हुन् । मधेश प्रदेशको राजधानी जनकपुरधाम बसेर तीन दशकदेखि पत्रकारितामा संलग्न मधुकरलाई कार्यक्रममा आयोजक, प्रमुख अतिथि, अतिथिले सम्मान प्रदान गरेका थिए ।

# न्यायाधीश केसीविरुद्ध लगातार प्रदर्शन

**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्ला अदालत रौतहटका न्यायाधीश मनोज केसीविरुद्ध एक परिवारले माघ २१ गतेदेखि लगातार धर्ना तथा प्रदर्शन जारी राखेको छ । हत्या आरोपितलाई आर्थिक चलखेलका आधारमा सफाइ दिएको भन्दै पीडित परिवारले आइतबार पनि न्यायाधीश केसीविरुद्ध जिल्ला अदालत रौतहट अगाडि प्रदर्शन गरे । पीडित परिवारले जिल्ला अदालत घेराउ गर्दै न्यायाधीश केसीविरुद्ध चर्का नाराबाजी गर्दै प्रदर्शन गरिरहेका छन् ।



किराना पसलमा उधारो नदिएको पूर्वाग्रह राखेर यमुनामाई गाउँपालिका–४ सरुअठा गाउँका ५२ वर्षीय रामविनोद गुप्तालाई २०७६ असार ४ गते राति १० बजे स्थानीय विन्देश्वर सिंह, रामकिशोर सिंह, रोहितकुमार सिंह भन्ने राजा सिंह, रोशन सिंह, अरविन्द कुमार सिंह, बडाबाबु सिंह, रामविनोद सिंह र निखिलकुमार सिंहले सामुहिकरुपमा निर्घात कुटपिट गरेका थिए । गम्भीर अवस्थामा रहेका गुप्ताको घटनाको ६ दिनपछि वीरगंजस्थित अस्पतालमा उपचारक्रममा मृत्यु भएको थियो । मृतकका भाइ राजन गुप्ताका अनुसार कर्तव्य ज्यान मुद्दामा जाहेरी दर्तावाला रहेको मुद्दा नम्बर ०७९ सि १ को ०१५२ नबालक निखिल सिंह र ०१८२ सबालक विन्देश्वरी सिंह, रामकिशोर सिंह, रोहित कुमार सिंह, रोशन सिंह, अरविन्द कुमार सिंह, वडा बाबु सिंह र रामविनोद सिंह हुन् ।

रामकिशोर सिंह र रामविनोद सिंहलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा पेश गर्दा न्यायाधीश केसीले दाबी नपुगेको भन्दै सफाइ दिएका थिए । साथै नाबालक निखिल सिंहलाई अदालतले अभिभावकको जिम्मा लगाउने आदेश दिएको थियो ।

अदालतमा कर्मचारीको सेटिङमा प्रहरीमार्फत हाजिर भएका रामविनोद सिंह र रामकिशोर सिंहलाई जिल्ला अदालत रौतहटको १ नम्बर बेञ्चका न्यायाधीश केसीले माघ २० गते सफाइ दिएको पीडित परिवारको आरोप छ । अदालतबाट न्याय पाउने आशामा बसेकामा अदालतले झन् पीडित बनाएको भन्दै पीडित परिवारले माघ २१ गतेदेखि न्यायालयप्रति आक्रोश पोख्दै आएका छन् । पीडित परिवार नियमित ब्यानरसहित अदालतको मुख्य गेटमा धर्नामा सरिक भएर न्यायाधीश केसीविरुद्ध प्रदर्शनमा उत्रिएका छन् ।

नाबालक आरोपित निखिल सिंहको आइतबार थुनछेक बहस चलिरहदा पीडित परिवारले माइक लिएर रौतहट अदालतको मूलगेटमा न्यायाधीश, अदालतका कर्मचारीसँगै प्रहरीविरुद्ध नाराबाजी गरेका थिए । राजन गुप्ताले भने, 'सिङ्गो परिवार सरुअठा गाउँमा सुरक्षित छैनौँ किनभने पैसाको बलमा अपराधी उम्काउने काम न्यालयबाट भएको छ, प्रहरीले पनि धर्ना दिएको दिनदेखि दुःख दिइरहेको छ ।'

जिल्ला अदालत रौतहटका श्रेस्तेदार उद्धव ढोडारीले मुद्दामा दुई जनाले सफाइ पाएको र नाबालकलाई कसुवार ठहर गर्दै १२ वर्ष कैद सजायको फैसला भएको बताए । मृतक रामविनोद गुप्ताको श्रीमती अनिता देवीले फैसला आर्थिक चलखेलका आधारमा भएको आरोप लगाउँदै आरोपितलाई अविलम्ब पक्राउ गरी कारबाहीको दायरामा नल्याएसम्म आन्दोलन जारी रहने बताइन् ।

# गुरुदेव उचियानारायणको ९७नवौँ जन्मजयन्ती मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गुरुदेव उचियानारायण यादवको ९७औँ जन्मजयन्ती मनाइएको छ । भारतको मधुबनीको बिस्फी ब्लकस्थित खाँग्रेठा चोकमा रहेको स्मृतिस्थलमा उच्चमाध्यमिक विद्यालय नहास–खंगरैठाका संस्थापक गणितविद् शिक्षक तथा समाजसेवी बौद्धिक गुरुदेव यादवको शालिकमा माल्यार्पण गरी जन्मजयन्ती मनाइएको हो ।



सेवानिवृत्त ब्लकशिक्षा अधिकारी ईश्वरचन्द्र यादवको अध्यक्षतामा आयोजित जन्मजयन्ती समारोहमा जसम राष्ट्रिय कार्यकारिणी सदस्य एवम् गुरुदेव उचियानारायण यादवका जेठा छोरा डा. सुरेन्द्रप्रसाद सुमनले शिक्षाको ज्वाला र शोषित–पीडित–वञ्चितको वास्तविक मुक्तिले आमजनतालाई अन्तिम साससम्म जलाएर राखेको बताए । यादवको स्मृतिमै 'शिक्षा बचाओ' स्मृति दिवस पनि मनाइन्छ । 'लोकतन्त्र र संविधान बचाउ' विषयमा छलफल कार्यक्रममा केही महत्वपूर्ण विद्वान तथा समाजसेवी वक्ताको सहभागिता हुनेछन् । कार्यक्रममा जिल्ला शिक्षक संघका संरक्षक डा. विजयचन्द्र घोष, डा. श्रवण पण्डित, पंसकार यादव, रामस्वार्थ यादव, प्रधानाध्यापक बबिता कुमारी, शिक्षक दिनेश यादव, आशिष कुमार, रविप्रकाश, अमर, सन्तोष कुमार, नवीन रञ्जन, फुदन यादव, शिशिशंकर आकाश कुमार, फुदन यादवलगायतको उपस्थिति थियो ।

# घरआँगनमै घुम्ती सेवा



**मधेशदृष्टि**
**महोत्तरी ।**
'कई दिन स सोचैछली जे डाग्डरबाबुके देखायब, आ दबाबिरो करायब (कति दिनदेखि चिकित्सकलाई देखाएर औषधिमुलो गरौँ भन्ने सोच्दै थिए)' मटिहानी–४ बरदाहाको दलित बस्तीका ८० वर्षीय परीक्षण महराले भने, 'आई डाक्डरबाबु अपने आयबक दबा देलैथ, आब शरीरक दर्द स आराम मिलवाक विश्वास बनल (आज त चिकित्सक आफैँ घरआँगनमै आएर जाँच गरी औषधि दिनुभयो, अब शरीर दुख्ने पीडा कम होला भन्ने विश्वास छ) ।' मटिहानी नगरपालिकाले सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविरमा नगर कार्यपालिका कार्यालयको आयुर्वेद औषधालयका स्वास्थ्यकर्मीले स्वास्थ्य जाँच गरी औषधि दिएपछि महरा अब शरीरको दुखाइ निको हुने विश्वासमा हुन् । यसैगरी, सो बस्तीकै ७० वर्षीय नाजिर नदाफले नगरको स्वास्थ्य शाखाका स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँच गराई औषधि लिए । आफ्नै बस्तीमा पाएको उपचार सेवाले नदाफलाई आपूm लाई पर्दा हेर्ने ठाउँ रहेछन् भन्ने परेको छ । मटिहानीमा जारी एकीकृत घुम्ती सेवा शिविरमा सेवाग्राहीको उत्साहजनक सहभागिता छ । मटिहानी नगर कार्यपालिकाको कार्यालयका विभिन्न शाखा र वडा कार्यालयबाट सम्पादन हुने सबै सेवा समेटिएको यो शिविरमा तीन दिनमा तीन हजार दुई सय ९२ सेवाग्राहीले घरआँगनमै सेवा लिए । आफ्नै बस्तीमा अत्यावश्यक सेवा पाएपछि अहिले मटिहानीवासी दङ्ग छन् । नगर कार्यपालिकाको कार्यालयले मटिहानी–१ धिरापुरबाट बुधबार सुरु गरेको एकीकृत घुम्ती सेवा शिविरमा सर्वसाधारण आ–आफ्ना सरोकारका शाखाबाट सेवा लिइरहेका छन् । मटिहानी नगरपालिकाले एकीकृत घुम्ती सेवामा वडास्तरीय छनोट भएका योजनासम्बन्धी अभिमुखीकरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि आवेदन सङ्कलन, निःशुल्क स्वास्थ्य जाँच र औषधि वितरण थालेको छ । यसैगरी घुम्ती सेवामा कृषिसम्बन्धी परामर्श, माटो परीक्षण, कृषि विद्युत् मिटर सिफारिस र तरकारीको बीउ सर्वसाधारणले पाएका छन् । यस्तै घुम्ती सेवामा घरपालुवा पशुवस्तुको स्वास्थ्य जाँच, गोबर परीक्षण र औषधि वितरण, पशुपक्षी पालनसम्बन्धी परामर्श, राजस्व असुली, स्वास्थ्य बिमा र वडाबाट दिइने व्यक्तिगत घटना दर्तासम्बन्धी सबै काम दिइँदै छ । यी सबै काम बस्तीमै आएर दिँदा आपूm को कैयौँ दिनको दौडधुप र आवतजावतमा हुने खर्च बचेको नगरवासीले प्रतिक्रिया दिएका छन् । शिविरमा मटिहानी–३ की समिला खातुनले आफ्नै आँगनमा ज्येष्ठ नागरिक परिचयपत्र बनाए । 'कैयौँ दिनदेखि सोच्दै थिएँ, कार्यालय जाउँला ज्येष्ठ नागरिक परिचयपत्र बनाउन, घरगृहस्थीको कामले भ्याएकी थिइनँ, अहिले त घरमै टोली आएर कागज प्रमाण सबै दिए', उनले भने, 'घुम्ती सेवाले गरिबलाई निकै राहत भयो ।' समिलाजस्तै सो वस्तीका रामभरोस मुखियाले पनि आफ्नै आँगनमा स्वास्थ्य बिमा गराए । 'कहीँ जान परेन, आफ्नै घरआँगन आइपुगेको घुम्ती टोलीले सबै काम गरिदियो', उनले भने । मटिहानी–४ बरदाहाकी ७० वर्षीया सुरुजकलादेवीले गाईको उपचार गराए । 'गायके गोबर आ जरबुखार सब जचागेल, आ दबाइयो मिलल (गाईको गोबर र ज्वरो जाँच भयो, औषधि पनि पाएँ)', उनले भने, 'न ढेउवा लागल, न कहुँ जाएके परेसानी भेल (न पैसा लाग्यो, न कहीँ जाने परेसानी नै भयो)' घरआँगनमै ज्येष्ठ नागरिक परिचयपत्र बनाएकी मटिहानी–४ कै ७० वर्षीया लक्ष्मीनियाँ देवीले यो परिचयपत्रबाट अरु धेरै सहुलियत पाउने बताइन् । शिविरमा प्रवाह भइरहेका सेवाबारे जानकारी लिन मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी पनि पुगिन् । 'सर्वसाधारणले सहजै सेवा पाएको देखियो, यो सेवाले आम जनतामा सरकार आफ्नो घरआँगनमा आएको अनुभूति दिएको छ', मन्त्री तिवारी भन्छिन्, 'यसले सकारात्मक सन्देश दिएको छ ।' रासस

## कञ्चनपुर–कमला सडकः

# चार वर्षमा निर्माण प्रगति ५३ प्रतिशत

**मधेशदृष्टि**
**सिरहा ।**
सरकारको रूपान्तरकारी गौरवको आयोजनाअन्तर्गत कञ्चनपुर–कमला सडकखण्ड विस्तार तथा स्तरोन्नतिको काम चार वर्षमा ५३ दशमलव चार प्रतिशत निर्माण प्रगति सम्पन्न भएको छ । सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर पूर्वपश्चिम लोकमार्गको यस सडक विस्तार तथा स्तरोन्नतिका लागि दुईपटक म्याद थपिसकिएको छ । सडक निर्माणको कार्यको थालनी सन् २०२० अक्टोबर २९ देखि सुरू भई २०२३ अक्टोबर २८ सम्म सक्नुपर्ने भए पनि समयमा काम सम्पन्न नभएपछि पहिलोपटक म्याद थप गरी २०२४ डिसेम्बर २८ सम्म पु¥याइएको थियो । तर, यस थपिएको समयमा पनि आधामात्र काम सम्पन्न भयो । त्यसपछि अन्तिम पटकलाई भन्दै अहिले पुनः २०२५ डिसेम्बर ३१ सम्म एक वर्षको म्याद थप गरिएको सडक विभागअन्तर्गत कञ्चनपुर–कमला सडक योजना पश्चिम खण्डका प्राविधिक शाखा इन्जिनियर सरोज कोइरालाले जानकारी दिए । दुई खण्डमा



निर्माण भइरहेको यस आयोजनाको लागत १५ अर्ब ६६ करोड ४४ हजार नौ सय ८३ रुपैयाँ (भ्याट र पिससमेत) रहेको छ । यो आयोजनामा ८६ दशमलव ८३ किलोमिरट सडक कालोपत्र गर्ने, दुई सय २९ वटा कल्भर्ट र ५४ वटा मुख्य पुल निर्माण गर्नुपर्ने सम्झौता रहेको छ । सहरी क्षेत्रमा छ लेनको सडक विस्तारको काम भइरहेको छभने अन्यन्त्र चार लेनको सडक निर्माण भइरहेको छ । चिनियाँ निर्माण कम्पनी 'चाइना रेलवे–२ इन्जिनियरिङ ग्रुप' ले ठेक्का पाएको यस आयोजनाअन्तर्गत हालसम्म पश्चिम (सिरहा) खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर सडक निर्माणको लागत आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार सात सय ४८ रुपैयाँ रहेको छ । पश्चिम खण्ड प्राविधिक शाखाका इन्जिनियर कोइरालाका अनुसार यस खण्डमा २५ वटा पुल र एक सय १५ वटा कल्भर्ट निर्माण गर्नुपर्नेमा हालसम्म १७ वटा पुलको ढलान सम्पन्न भएको छभने आठवटा पुलको ढलान सम्पन्न हुन बाँकी छ ।

'सम्झौता भएको तीन वर्ष र थप १४ महिना गरी चार वर्ष दुई महिनामा ५५ दशमलव ३९ प्रतिशतमात्र भौतिक प्रगति भएको छ', इन्जिनियर कोइरालाले भन्नुभयो, "जसअन्तर्गत सडकको दायाँतर्फ २४ किलोमिटर र बायाँतर्फ २१ किलोमिटर कालोपत्र बिछ्याउने काम सम्पन्न भएको छ । त्यस्तै दुईवटा फ्लाइओभरको काम हुन बाँकी रहेको छभने दुईवटा अण्डर पासको काम शुरू गरिएको छ ।' समयसीमामा लक्ष्यअनुसारको भौतिक प्रगति नहुनुमा काम शुरू गरेको अवस्थामा कोरोनाले प्रभावित बनाएको र बीचबीचमा निर्माणमा अवरोध तथा विद्युत्का पोलको स्थानान्तरण नगरिनु रहेका उनले बताए ।

त्यसैगरी एउटै निर्माण कम्पनी र समयसीमा रहेको पूर्वी खण्ड (सप्तरी) कञ्चनपुरबाट कुशहवासम्मको ३९ किलोमिटर पूर्वी खण्डका लागि सात अर्ब २७ करोड रुपैयाँमा ठेक्का लागेको यस खण्डमा पश्चिम खण्ड (सिरहा)को जति पनि भौतिक प्रगति नभएको यस खण्डका प्राविधिक शाखाका इन्जिनियर राजीव झाले जानकारी दिए । उनका अनुसार यस खण्डको भौतिक प्रगति ५१ दशमलव ४२ प्रतिशतमात्र भएको छ । सडक पूर्वाधार आयोजनाको अवस्था सुस्त हुँदा कञ्चनपुर–कमलावासीले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती भोग्दै आएका छन् । थपिएको एक वर्षको अवधिमा पनि निर्माण सम्पन्न हुन्छ भन्नेमा आश्वस्त छैनन् नागरिकहरू । निर्धारित समयमा पूर्वाधार निर्माण हुन नसक्दा देशको अर्थतन्त्रमा समेत गम्भीर असर पर्ने गरेको विज्ञहरू बताउँछन् । रासस

# पर्सामा 'जिरो डोज' बालक फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
आठ महिना पहिले नै पूर्ण खोप जिल्ला घोषणा भइसकेको पर्सामा एकजना 'जिरो डोज' (नियमित कुनै पनि खोप नलगाएको) बालक फेला परेका छन् । जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई डिपीटी, बीसीजी, पोलियो लगायत १३ प्रकारका नियमित खोप लगाइने गरिन्छ । स्वास्थ्य कार्यालय पर्साले २०८१ जेठ ३ गते पर्सा जिल्लालाई पूर्ण खोप जिल्ला घोषणा गरेको थियो । तर, घोषणाको आठ महिनापछि नै पर्साको कालिकामाई



गाउँपालिका–५, हरिहरपुरमा १ वर्ष ६ महिनाका एक बालकले कुनै पनि खोप नलगाएको पाइएको छ । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार शनिबार स्वास्थ्यकर्मीको टोली पुगेर ती बालकलाई खोप लगाइएको छ । ठाकुरका अनुसार जिल्लामा हाल सञ्चालन भइरहेको पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप अभियानका क्रममा स्वास्थ्यकर्मीको टोली गत शुक्रबार हरिहरपुर पुगेको थियो । सोही क्रममा गाउँपालिका कार्यालय अगाडि पाल टाँगेर बसेका फिरन्ते नेटुवा र बढई समुदायका परिवार भेटिएका थिए । त्यही समुदायका १ वर्ष ६ महिनाका बालक कुनै खोप नलगाएको अवस्थामा भेटिएपछि तत्कालै खोप लगाइएको हो । ठाकुरका अनुसार पूर्ण खोप घोषणा भइसकेपछि पर्सामा 'जिरो डोज' बच्चा भेटिएको यो पहिलो घटना हो ।

फिरन्ते समुदायका भएकाले ती बालक नियमित खोप लगाउनबाट वञ्चित भएको हुनसक्ने उनले बताए ।

# पेस्की विवादमा प्रधानाध्यापक र शिक्षकबीच हातहालाहाल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कमला नगरपालिका–२ स्थित माची झिटकैया माध्यमिक विद्यालयमा प्रधानाध्यापक र शिक्षकबीच पेस्की रकमको विषयमा विवाद चर्किँदा हातहालाहाल भएको छ । प्रधानाध्यापक जगरनाथ यादवले शिक्षक रोहित यादवलाई मागेको ५० हजारको साटो २५ हजार मात्र दिन सक्ने बताएपछि विवाद सुरु भएको थियो । दुबै पक्षबीच वादविवाद चर्किँदै गएपछि कुटाकुट भएको बताइन्छ । विद्यालयमा उत्पन्न तनावका कारण पठनपाठन प्रभावित भएको थियो । नगर प्रमुख विश्वेश्वर यादवले घटनाबारे जानकारी पाएपछि वडाध्यक्ष ठक्कु यादवलाई स्थलगत अनुगमनका लागि पठाएका थिए । वडाध्यक्ष यादवका अनुसार, शिक्षक रोहित यादवले आफ्ना बुवाको निधनपछि पेस्की मागेका थिए । विवाद समाधान गर्न पहल गरिएको र विद्यालयमा शान्ति पुनः कायम भएको उनले जानकारी दिएका छन् ।

# दुई करोड मूल्यको सामानसहित तीन वटा ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले राजश्व छलीको आशंकामा झण्डै दुई करोड मुल्यको सामानसहित तीन वटा ट्रक वीरगंजबाट नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक चोकबाट शनिबार बेलुकी प्रहरीले बा.१ ख ९९०९, ना.६ ख ५४९१ र ना.६ ख ६३९७ नम्बरको





मालबाहक ट्रक नियन्त्रणमा लिएको हो । वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेका तीन वटै ट्रक प्रहरीले गण्डक चोकमा रोकेर चेकजाँच गर्दा बिलबिजक भन्दा बढी परिमाणमा १ हरोड ९५ लाख ४९२ रुपैयाँ मूल्यका सामान भेटिएपछि सामान सहितको ट्रक नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । सामान सहितको ट्रक आवश्यक अनुसन्धान तथा कारबाहीका लागि बाराको पथलैयास्थित राजश्व अनुसन्धान कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक लम्सालले बताए ।

## परवानीपुर गोल्डकपः

# जनजागृति युवा क्लब विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
चौथों परवानीपुर गोल्डकप फुटबल प्रतियोगितामा जनजागृती युवा क्लब विजयी भएको छ । आइतबारको खेलमा जनजागृती क्लब सिमरा बाराले हेटौंडा फूटबल एकडेमी मकवानपुरलाई शुन्यका विरुद्ध ३ गोलले पराजित गरेको हो । जन जागृती युवा क्लब सिमराका जर्सी न. १६ का मोहित गुरुङले दुई गोल गर्दै खेलको मैन अफ दि मैच घोषित भए । सोमबार वीरगंज युनाइटेड क्लब वीरगंज र जनकपुर स्पोर्ट्स क्लब धनुषाधाम जनकपुरबीच खेल हुनेछ ।

प्रतियोगिताका उपाधि विजेता टिमलाई नगद ३ लाख १ हजार रुपैयाँ र उपविजेता टिमलाई १ लाख ५१ हजार रुपैयाँ पुरस्कार दिइने आयोजक टिमका अध्यक्ष अलि अख्तर आलमले बताए ।

# सनलाइट टी–२० इन्टर स्कूल क्रिकेट प्रतियोगिता हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका– १६ नगवास्थित सनलाइट स्कूलको आयोजनामा 'सनलाइट टी–२० इन्टर स्कूल नकआउट क्रिकेट प्रतियोगिता' आयोजना हुने भएको छ । माघ २८ गते सोमबारदेखि फागुन ४ गतेसम्म आयोजना हुने प्रतियोगितामा वीरगंजका विभिन्न विद्यालयहरूले सहभागिता रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा माउन्ट मकालु स्कूल, एसआर ग्यालेक्सी, मिनील्यान्ड स्कूल, जीवन ज्योति स्कूल, मनोकामना स्कूल, ज्ञानदा एकेडेमी, चिल्ड्रेन वल्ड स्कूल, मालिनी एकेडेमी, सनलाइट स्कूल, गौतम स्कूल, ज्ञान ज्योति स्कूल, लिटिल एन्जल्स स्कूल, ओम नेशनल एकेडेमी र वीरगंज एकेडेमी गरी कुल १४ वटा विद्यालयहरूको सहभागिता रहेको सनलाइट स्कूलका प्रधानाध्यापक आलोक कुमार चौरसियाले जानकारी दिए । आइतबार पत्रकार सम्मेलनमा बोल्दै चौरसियाले सम्पूर्ण खेलहरू वीरगंजस्थित नारायणी क्रिकेट रङ्गशालामा आयोजना गरिने बताए । प्रतियोगिताअन्तर्गतको उद्घाटन खेल सोमबार बिहान ९ बजेदेखि मनोकामना स्कूल र ज्ञानदा एकेडेमीबीच हुनेछ ।

## सम्पादकीय

# एचपिभी खोप अभियानलाई सफल बनाऔँ

२२ माघबाट नेपालमा पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियान शुरु भयो। यो खालको खोप कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेरका बालिकालाई खोप लगाइनेछ। जारी खोप अभियान आगामी फागुन ५ गतेसम्म देशभर सञ्चालन हुनेछ। स्वास्थ्य मन्त्रालयका अनुसार देशभरका १९ हजार विद्यालय र ८ हजार स्वास्थ्य संस्थामा अभियान सञ्चालन हुनेछ। सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्ध सञ्चालन गरेको यो सबैभन्दा ठूलो अभियान भएको बताइन्छ। देशभरका करिब १७ लाख किशोरीहरुलाई खोप लगाउने लक्ष्य लिइएको यस अभियानले एचपीभी खोपको कभरेज बढाउने र नेपालमा पाठेघरको मुखको क्यान्सरको भारलाई न्यूनीकरण गर्न उल्लेखनीय रहने अपेक्षा गरिएको छ। एचपीभी भन्नाले ह्युमन प्यापिलोमा भाइरस एक प्रकारको विषाणु हो। जानकारहरुका अनुसार विश्वका विभिन्न देशहरुमा गरिएको अध्ययन अनुसार पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक एचपीभी हो। पाठेघरको मुखमा हुने क्यान्सरमध्ये ९५ प्रतिशत भन्दा बढी क्यान्सर एचपीभीले गराउँदछ। एचपीभीको २०० भन्दा बढी किसिमका प्रजातिहरु हुने बताइन्छ।

जानकारहरुका अनुसार एचपीभी मुख्यत संक्रमित व्यक्तिसँगको यौन सम्पर्कबाट सर्छ। तर यो संक्रमित व्यक्तिको यौनांगको छाला श्लेष्म झिल्ली वा तरल पदार्थसँगको सम्पर्क मार्फत पनि सर्न सक्दछ। यसको संक्रमण पुरुषमा पनि हुन्छ। पुरुषबाट महिलामा सर्ने गर्दछ। यसले महिलाहरुको पाठेघरको मुखको क्यान्सरको साथै यौनांगमा आउने मुसा तथा यौनांग क्यान्सर समेत गराउन सक्ने स्वास्थ्यकर्मीहरुको भनाई छ। पाठेघरको मुखको क्यान्सरको शुरुको अवस्थामा धेरै जसोमा लक्षण र चिन्हहरु नदेखिने बताइन्छ। अन्तिम अवस्थामा मात्र यो पहिचान हुनसक्छ। पछि गएर तल्लो पेट दुख्ने, अनियमित रुपमा रगत बग्ने, धेरै रगत बग्ने, गन्हाउने पानी बग्ने, कमजोर हुँदै जाने र रक्तअल्पता जस्ता लक्षणहरु देखिने यसका जानकारहरु बताउँछन्।

यो खोप अभियान ऐतिहासिक मात्र नभई, धेरै नेपाली महिलाहरूको स्वास्थ्य सुरक्षासँग जोडिएको महत्वपूर्ण सवाल हो। नेपालमा शुभारम्भ गरिएको यस खोप अभियानको प्रभावकारिता सुनिश्चित गर्न सरकार, स्वास्थ्यकर्मी, आम नागरिक र सञ्चारमाध्यम लगायत सरोकारवालाको भूमिका अत्यन्त प्रभावकारी हुन्छ। एचपीभी खोपबारे धेरै अभिभावकहरू अनभिज्ञ छन्। कतिपयमा खोपको सुरक्षाबारे गलत धारणाहरू छन्, जसले यस अभियानलाई कमजोर बनाउन सक्छ।

यस कारण अभियानलाई सार्थक बनाउन विभिन्न प्रकारका सञ्चारमाध्यमबाट खोपको महत्वबारे जनचेतना फैलाउनुपर्छ, स्वास्थ्यकर्मी र शिक्षकलाई प्रशिक्षित गराउँदै खोपको वैज्ञानिक आधार र फाइदाबारे विस्तृत जानकारी दिनुपर्छ ताकि उनीहरूले आमजनतालाई विश्वस्त बनाउन सकून्। यस अभियानलाई सफल बनाउँन समुदायका धार्मिक अगुवा, महिला समूह र सामुदायिक नेताहरूलाई खोप अभियानमा सहभागी गराई उनीहरूमार्फत सन्देश प्रवाह गरिनुपर्छ।

एचपीभी खोप अभियान महिला स्वास्थ्य सुधार गर्ने महत्वपूर्ण अवसर हो। यो अभियान सफल बनाउन सरकारको नीति मात्र पर्याप्त छैन, आमजनताको उत्साहजनक सहभागिता र जिम्मेवारी आवश्यक छ।

यदि उपयुक्त रणनीति अपनाइयो भने पाठेघरको मुखको क्यान्सर न्यूनीकरण गर्दै नेपाललाई स्वास्थ्य सुरक्षाको दिशामा अगाडि बढाउन सकिन्छ। नेपालमा पाठेघरको मुखको क्यान्सर न्यूनीकरणका लागि शुरु गरिएको एचपीभी खोप अभियान ऐतिहासिक र महत्वपूर्ण हुनेछ। अभिभावक, किशोरी, शिक्षक र समुदायलाई खोपको आवश्यकता, सुरक्षा र प्रभावकारिताबारे सही जानकारी दिनुपर्छ। खोप अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न दुर्गम क्षेत्रसम्म खोप पु¥याउन स्वास्थ्यकर्मी र स्थानीय सरकारको सक्रियता आवश्यक छ। एचपीभी खोप अभियान सफल मात्र होइन, दीर्घकालीन रूपमा प्रभावकारी पनि हुनेछ।

# क्यान्सर रोकथामका लागि एचपिभी खोप अभियान



नेत्र सुवेदी

*सन् २०२२ मात्र एक वर्षमा नेपालमा २१६९ जनालाई एचपिभी सङ्क्रमण भएको र तीमध्ये १३१३ को क्यान्सरको कारण मृत्यु भएको अभिलेखले देखाएको छ। यही प्रवृत्ति कायम रहँदा पनि दैनिक ६ जना महिलालाई पाठेघरको क्यान्सर हुने र चार महिलाको ज्यान जाने देखिन्छ, जुन काम भयाभह अवस्था हैन। यस सन्दर्भमा अमूल्य मानव जीवनलाई जोगाइराख्नका लागि खोपको खोजी हुनु, सफल परीक्षण हुनु र आमरुपमा प्रयोगमा ल्याइनुलाई असल संयोग मान्नुपर्दछ।*

आउँदा दिनहरुमा सन्दर्भ फेरिएला तर वर्तमानमा भने पाठेघरको मुखको क्यान्सर अर्थात सर्भिकल क्यान्सर नेपालमा जनस्वास्थ्य समस्याको रुपमा पहिचान भएको छ।

नेपाली महिलालाई हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको र क्यान्सर भएर मृत्यु हुनेको सङ्ख्यालाई केलाउँदा भने सर्वाधिक बढी मृत्यु हुने यो खालको क्यान्सर रहेको छ। यो रोग ह्युमन प्यापिलोमाभाइरस (एचपिभी) को सङ्क्रमणका कारणले हुन्छ। यो भाइरस मानव शरीरमा २० वर्षको अवधिसम्म रह्यो भने क्यान्सर हुने बताइएको छ।

सन् २०२२ मात्र एक वर्षमा नेपालमा २१६९ जनालाई एचपिभी सङ्क्रमण भएको र तीमध्ये १३१३ को क्यान्सरको कारण मृत्यु भएको अभिलेखले देखाएको छ। यही प्रवृत्ति कायम रहँदा पनि दैनिक ६ जना महिलालाई पाठेघरको क्यान्सर हुने र चार महिलाको ज्यान जाने देखिन्छ, जुन काम भयाभह अवस्था हैन। यस सन्दर्भमा अमूल्य मानव जीवनलाई जोगाइराख्नका लागि खोपको खोजी हुनु, सफल परीक्षण हुनु र आमरुपमा प्रयोगमा ल्याइनुलाई असल संयोग मान्नुपर्दछ।

### एचपिभी खोप कस्तो खोप हो ?

एचपिभी खोप भनेको पाठेघरको मुखको क्यान्सर गराउने सङ्क्रमणविरुद्ध दिइने खोप हो। भाइरस विभिन्न माध्यमबाट सर्ने भए तापनि रोगको हिसाबले क्यान्सर नसर्ने रोग हो। महिलाको ज्यानै जाने खतरनाक खालको क्यान्सरका रुपमा पाठेघरको मुखको क्यान्सरलाई मानिएको छ। साविकमा सर्ने रोगमा मात्र खोप केन्द्रित भएकोमा हाल आएर प्रमुख स्वास्थ्य जोखिमका रुपमा देखापरेको पाठेघरको मुखको क्यान्सरको कारक भाइरसविरुद्ध खोपबाट रोकथाम गर्न खोजिएको हो।

अष्ट्रेलियन टेक्निकल एड्भाइजरी ग्रुप अन इम्युनाइजेसनले सन् २०१३ मा एक डोज भएको एचपिभी खोप सिफारिस गरेपछि एकल डोज खोप प्रयोगमा आएको छ। अरु खोप जस्तै यो खोपले पनि सङ्क्रमणसँग प्रतिरक्षा प्रणालीद्वारा लड्न सहयोग गर्दछ। कथं कदाचित पूरै रोक्न नसकेपनि रोगको गम्भीरतालाई घटाउँछ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २००६ मा प्रमाणित गरी प्रयोगमा आउन सुरुभएको एचपिभी खोप हाल एक सय ४५ भन्दा बढी देशमा प्रयोगमा आएको छ।

विगतमा नेपालमा समेत परीक्षण गरी सफल भएको आधारमा दिन थालिएको यो खोप सुरक्षित छ, प्रयोगकर्तालाई निःशुल्करुपमा उपलब्ध हुन्छ र जीवनरक्षा गर्दछ। यो वर्ष पहिलो वर्ष पनि भएको र १० देखि १४ वर्षसम्मका किशोरीलाई समेट्ने भएको हुँदा नेपालभर १६ लाख ८८ हजार सात सय ६८ जनाले खोप लगाउने अनुमान छ। नेपालमा यो खोपलाई भित्र्याउनका लागि आर्थिक सहयोग गर्ने गाभीलगायतका संस्थाको सहयोगलाई सरहाना गरिनुपर्दछ किनकी नेपाली महिलाले भोग्दै आएको समस्याका लागि ढिलै भए पनि रोकथामको यो बाटो सम्भव भयो।

### खोप अभियानको व्यवस्थापन

वास्तवमा एचपिभी खोप अभियानमा सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै तहका सरकारको सक्रिय सहभागिता रहने देखिन्छ। केन्द्रमा राष्ट्रिय खोप सल्लाहकार समिति रहेजस्तै प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिका अध्यक्षको संयोजकत्वमा जिल्ला खोप समन्वय समिति रहने व्यवस्था छ, जसले खोप अभियानलाई सफल बनाउनका लागि समन्वय र सहजीकरण गर्ने गर्दछ।

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप पहिलोपटक २०८१ माघ २२ देखि फागुन ६ सम्म राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत यो खोप लगाउने कार्य अभियानकै रुपमा देशभर सञ्चालन भइरेको छ। यो वर्ष खोप दिइने १० देखि १४ वर्ष उमेरका बालिका तथा कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्रा रहने हुँदा मूलतः खोप अभियान विद्यालय केन्द्रित हुने अनुमान लगाउन सकिन्छ।

नेपालमा यो वर्ष सिकोलिन नाम गरेको खोप दिँइदैछ। यो खोप बाँया पाखुराको मासुभित्र दिइन्छ। मुख्यगरी दुई अवस्थामा यो खोप नलगाउन भनिएको छ। पहिलो भनेको गर्भवती भएमा वा हुने सम्भावना छ भने र दोस्रो पहिलो खोप लगाएपछि एनाफाइलेक्सिस नामक एलर्जी देखापरेको छ भने त्यस्तो व्यक्तिलाई पुनः खोप दिनुहुँदैन।

जिल्लामा रहेका स्थानीय तहको सङ्ख्या, भौगोलिक वितरणको अवस्था तथा सूचीकृत भएका बालिकाको सङ्ख्याअनुसार अभियान सञ्चालन हुने अवधि कम वा बढी हुन सक्छ। जस्तो कि बागलुङ जिल्लामा एचपिभी खोप यही माघ २२ देखि फागुन ३ सम्म सम्पन्न गर्ने गरी कार्यतालिका तय भएको छ।

माघ २२ देखि २८ सम्म बागलुङ नगरपालिका, जैमिनी, वरेङ, गलकोट र ताराखोलामा लगाइँदैछ भने बाँकी स्थानीय तह ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, वडिगाड गाउँपालिका र तमानखोला गाउँपालिकामा भने माघ २९ देखि फागुन ३ सम्म सञ्चालन हुने गरी तय भएको छ। खोप अभियान नेपालका सबै जिल्लामा २०८१ माघ २२ विश्व क्यान्सर दिवसको दिनबाट सुरु भइसकेको छ,भने खोप लगाउन बालिकाको उत्साहजनक उपस्थिति रहँदै आएको मिडियाहरुले जनाएका छन्।

### रोकथामका लागि खोप अभियान

पाठेघरको मुखको क्यान्सर रोगको निवारणका लागि विश्व स्वास्थ्य सङ्गठनले तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण भएको अवस्था छ। पहिलो भनेको रोग लाग्ने अवस्था नै आउन नदिन प्रारम्भिक किशोरावस्था अर्थात १० वर्षदेखि १४ वर्षसम्मका किशोरीलाई पाठेघरको मुखको क्यान्सर सिर्जना गर्ने एचपिभीविरुद्धको खोप दिनु हो भने दोस्रो भनेको ३० वर्षभन्दा माथिको उमेरका महिलालाई पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्क्रिनिङ) गर्नु हो जसमा उच्च गुणस्तरीय विधिबाट पाठेघरको मुखको परीक्षण गरी क्यान्सर भएनभएको पत्ता लगाउनु हो अर्थात निदान गर्नु हो भने तेस्रो भनेको यसरी पाठेघरको मुखको क्यान्सर निदान भएका व्यक्तिको उपचार गर्नु हो।

उल्लेखित तीन सेवामध्ये दोस्रो र तेस्रो सेवा नेपालमा विगतदेखि नै उपलब्ध हुँदै आएको थियो भने यो वर्षदेखि पहिलो अर्थात खोप अभियानमा एचपिभीविरुद्धको खोपलाई समावेश गरी अभियान सञ्चालन प्रारम्भ भइसकेको छ। प्रत्येक सेवामा उपलब्धि न्यूनतम् ९० प्रतिशत कायम गर्ने लक्ष्य राखिएको पनि छ। खोप अभियानमा एचपिभीविरुद्धको खोप समावेश गर्ने विषय चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत समेटिएको थियो।

एचपिभी खोप यो वर्ष १० वर्षदेखि १४ वर्षसम्मका किशोरकिशोरी विद्यालयमा भए विद्यालयमै गएर र विद्यालयबाहिर भए पायकपर्ने खोप केन्द्रमार्फत यो खोप दिइँदैछ। यो वर्ष सबै किशोरीलाई लक्षित गरी खोप दिने र आगामी वर्षदेखि भने १० पूरा गरेका किशोरीलाई मात्र लक्षित गर्ने गरी खोप कार्यक्रम निर्धारण भएको छ। एकपटक लगाए हुने र एउटा खोपमा ०.५ मिलि बराबरको एक भायल मात्राका रुपमा हुने बताइएको छ।

### खोप अभियानलाई प्रभावकारी कसरी बनाउने ?

देशकै समस्याका रुपमा बढिरहेको रोगको सिर्जना गर्ने भाइरसकाविरुद्ध दिने भएको हुँदा यो खोप अभियान जनताप्रति सरकारको संवेदनशीलता र जवाफदेहिताको एउटा उदाहरण पनि हो। अवस्य पनि यो सबैको सहयोगमा सम्पन्न गर्ने अभियान हो। खासगरी जोखिम समूहमापर्ने सबै किशोरीका लागि यो अवसर पनि हो। सबैलाई खोपको दायरामा ल्याउनका लागि यो खोप सम्बन्धमा रहेका र रहन सक्ने भ्रम निवारण गर्न सक्नुपर्दछ।

स्वास्थ्यकर्मी, शिक्षकशिक्षिका, सञ्चारकर्मीले यसका विभिन्न पक्षमा समाज परिवार र व्यक्तिको तहसम्म जानकारी उपलव्ध गराउन अगुवाइ गर्नुपर्ने हुन्छ। विभिन्न खाले मिडियाबाट प्रतिष्ठित चिकित्सकले एचपिभी खोप सम्बन्धमा सत्यतथ्य जानकारी गराउनु उपयुक्त हुन्छ। जिम्मेवारीमा रहेका व्यक्ति नै खोप केन्द्रमा पुग्नु र कोही छुटेनछटेको सम्बन्धमा फिल्डमा खटिएका व्यक्तिबाट विवरण माग गर्नु पनि यसप्रतिको चासोको प्रमाण हुनसक्छ।

पहिलो पटक सञ्चालन हुन लागेको एचपिभी खोप अभियानलाई व्यवस्थित र संस्थागत रुप दिनका लागि एचपिभी खोप सेवा सञ्चालन निर्देशिका २०८१ समेत प्रयोगमा ल्याइएको छ।

त्यसैगरी खोप अभियान सम्बन्धमा केही जिज्ञासा भए सोध्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निःशुल्क हेल्पलाइन “हेल्लो स्वास्थ्य” को सम्पर्क नम्बर ११११५ मा फोन गर्न वा नजिकको स्वास्थ्य संस्थामासमेत सम्पर्क राख्न सकिने देखिन्छ। सुरुमा नामावली सङ्कलनदेखि खोप लगाइसकेपछिको अवस्थामा अनपेक्षित घटना भइहाल्यो भने सम्बोधनका लागि बालिका स्वयम्, अभिभावक र खासगरी स्वास्थ्यकर्मी निकै चनाखो हुनु जरुरी हुन्छ।

एचपिभी खोप महिलासँग सरोकार राख्ने भएकोले यो खोप अभियानका बखत महिला स्वास्थ्यका अन्य आयामलाई समेत आवद्ध गर्ने सम्भावना रहन्छ। जस्तो कि किशोरावस्थाका बालिकामा महिनाबारी सम्बन्धमा अन्योल हुनसक्ने, कौतुहलताका साथै यौनलाई हामीकहाँ आवश्यक भन्दा पनि बढी लज्जाको विषय पनि बनाइएको सन्दर्भमा एचपिभी खोप अभियानकै क्रममा पनि महिनावारी स्वास्थ्य र सरसफाइका लागि सचेतना समेत सम्भव हुन्छ।

महत्वपूर्ण कुरा त महिनाबारी भएको अवधिमा समेत यो खोप लगाउन सकिने भनिएको छ। त्यस्तै प्रजनन अङ्गको सरसफाइ, स्यानिटरी प्याड तथा सुतिको कपडाको के कसरी प्रयोग गर्ने भन्ने विधि, महिनावारी भएको अवधिमा सम्भव हुने शारीरिक अभ्यासको जानकारी, प्रयोग गरिसकेका प्याड तथा कपडाको उचित विसर्जनको तरिका सम्बन्धमा व्यक्तिलाई विभिन्न प्रचार सामग्रीमार्फत र खोप लिइसकेपछिको उपलब्ध समयमा सामूहिकरुपमा जानकारी गराउँदा पनि प्रभावकारी हुने देखिन्छ।

### निष्कर्ष

एचपिभी खोप लैङ्गिकरुपमा संवदेनशील र पहिलो प्राथमिकतायुक्त कार्यक्रम मात्र होइन कि हामी सबैको साझा अभियान पनि हो। नेपालमा पहिलोपटक २०८१ माघ २२ देखि फागुनको पहिलो हप्तासम्म यो खोप अभियानकै रुपमा सञ्चालनमा रहेको छ। पाठेघरको क्यान्सर गराउने भाइरसको दुई प्रजाति जसले उक्त क्यान्सर गराउन ९८ प्रतिशत भूमिका खेल्दछ।

ती प्रजातिलाई लक्षित गरेर सिकोलिन नामक भ्याक्सिन प्रारम्भिक किशोरावस्थाका बालिकालाई दिँइदैछ। रोग लागेपछि निदान र उपचारका लागि भौतारिनुभन्दा पनि रोग नै लाग्न नदिन यो उपाय प्रभावकारी रहने नै छ। खोपका सम्बन्धमा केही अन्योल वा भ्रम छ भने त्यसलाई चिर्दै खोप कार्यक्रमका अलावा द्रुत अनुगमनलाई समेत प्रभावकारी बनाउनु आवश्यक छ। सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्या नरहने हदसम्ममा निवारण गर्ने विश्वव्यापी लक्ष्य हासिल गर्न हामी सबैले आ–आफ्नो क्षेत्रबाट ऐक्यबद्धता जनाऔँ। एचपिभी खोप अभियान सफल पारौँ। रासस

# राष्ट्रियसभाः स्थानीयको भावना विपरीत केबलकार निर्माण गर्न नहुने



**काठमाडौँ ।**
राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरूले स्थानीय जनताको भावना विपरीत पाथीभरा क्षेत्रमा केबलकार निर्माण गर्दा समस्या उत्पन्न भएको धारणा राखेका छन् । बैठकको विशेष समयमा उनीहरूले धार्मिकस्थलको परम्परागत विशेषता, प्राकृतिक र सांस्कृतिक महत्वलाई मासेर पूर्वाधार निर्माण गर्न नहुनेमा जोड दिएका हुन् ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद जयन्तीदेवी राईले पाथीभरामा स्थानीय जनताको भावना विपरीत केबलकार निर्माण अघि बढाउँदा समस्या उत्पन्न भएएकाले यथाशीघ्र समस्या समाधान गर्नुपर्नेमा जोड दिइन् । उनले स्थानीय जनताको चाहना विपरीत केबलकार निर्माण गर्दा त्यहाँको धार्मिकस्थल विरोधस्थलका रूपमा परिणत भएको उल्लेख गरिन् ।

सांसद राईले स्थानीयको चाहना बुझेर सहमतिमा समस्या समाधान गर्न सरकारसँग आग्रह गर्दै धार्मिकस्थलको परम्परा, प्राकृतिक र सांस्कृतिक महत्वलाई मासेर पूर्वाधार निर्माण गर्न नहुने धारणा राखिन् । उनले धार्मिकस्थलमा कङ्क्रिट संरचनाभन्दा पनि समुदायको मागबमोजिम बाटो, खानेपानी, शिक्षा, शौचालय, विश्रामस्थल, स्थानीय उत्पदानको बजारीकरणलगायत कार्य गर्नुपर्ने राज्यको दायित्वबारे सरकारको ध्यानाकर्षण गराइन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रेनु चन्दले आदिवासीरजनाजतिको धार्मिक एवं सांस्कृतिक मुन्धुमस्थल पाथीभरा क्षेत्र केबुलकार निर्माणको विषयले केही समयदेखि अशान्त रहेको विषयप्रति सरकारको ध्यानाकर्षण गराइन् । उनले आन्दोलनरत स्थानीयमाथि प्रशासनले दमन गरेको टिप्पणी गर्दै आन्दोलनका घाइतेको निःशुल्क उपचार र क्षतिपूर्तिका लागि सरकारसँग माग गरिन् ।

सांसद चन्दले पाथीभरा क्षेत्रमा सुरक्षाका नाममा आन्दोलनरत नागरिकमाथि दमन भइरहेको आरोप लगाउँदै उक्त कार्य तत्काल बन्द गर्न आग्रह गरिन् । साथै उनले पाथीभरामा केबलकार निर्माण गर्ने विषय आध्यात्मिक, आर्थिक, पर्यावरणीय र विकासका दृष्टिले समेत उपयुक्त नभएको धारणा राखिन् । यसले स्थानीयको मौलिक अधिकार हनन हुनुका साथै पहिचान, समाजिक तथा परम्परागत मूल्य, मान्यता विनाश हुने जोखिम बढेको उनले बताइन् ।

आइतबारको बैठकमा नेपाली कांग्रेसका सांसद जितजङ्ग बस्नेतले शपथसम्बन्धी ऐन २०७९ को दफा ३ मा रहेको गोपनीयतासम्बन्धी प्रावधानको पालना नभएको बताए । उनले पदमा रहेका बेलाका कतिपय गोप्य विवरण तथा सूचना पदविहीन भएपछि लेख्ने र बोल्ने गरेको पाइएकाले उक्त कानुनको पालना नभएको देखिएको बताए ।

सांसद बस्नेतले विश्वका धेरै देशमा गोप्य सूचना बाहिर ल्याउनेलाई दण्डसजाय गर्ने प्रावधान रहेको बताउँदै नेपालमा पदबाट मुक्त हुने वित्तिकै बढाइचढाइ आत्मवृत्तान्त लेख्ने गरेकोप्रति सदनमार्फत सरकारको ध्यानाकर्षण गराए । नेपालमा पनि शपथसम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उनले माग गरे ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद मायाप्रसाद शर्माले जाजरकोट भूकम्प गएको लामो समय भइसक्दा पनि सुरक्षित पुनःस्थापना र राहतको काम पूर्ण नभएको बताउँदै यसमा ढिलाई हुँदा भूकम्पप्रभावित समस्यामा परेकाप्रति सरकारको ध्यानाकर्षण गराए । उनले प्रत्यायोजित विधायन ऐनलगायत नियम तथा कानून निर्माण गर्दा प्रयाप्त रूपमा छलफल गर्नुपर्ने आवश्यकता औँल्याए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद भुवनबहादुर सुनारले दलित समुदायका युवायुवतीले विवाह गर्दा प्रहरी प्रशासनले दुःख नदिएर सहयोग गर्नुपर्नेमा जोड दिए । उनले सर्लाहीका सतेन्द्र राम र नेहा रौनियारले अन्तरजातीय विवाह गरेकाले प्रशासनबाट दुःख र तनाव पाएको विषयका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए ।

कांग्रेसका सांसद दुर्गाकुमारी गुरुङले कर्णाली प्रदेश प्राकृतिक र ऐतिहासिक सम्पदा तथा भाषा संस्कृतिले सम्पन्न भए पनि यहाँका जनता सामान्य उपचारबाट पनि वञ्चित हुनुपरेको, कुपोषणको शिकार हुनुपरेको, खानेपानी र विद्युत्को पहुँचबाट वञ्चित हुनुपरेकोलगायत समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराइन् । उनले आवश्यक बजेट र कार्यक्रममार्फत कर्णालीका जनताको समस्या समाधान गर्न सरकारसँग आग्रह गरिन् ।

राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले विगतमा सबै सरकारले अध्यादेश ल्याएर काम गर्ने अभ्यास भएअनुसार संविधानले दिएको अधिकार प्रयोग गरेर वर्तमान सरकारले अध्यादेश ल्याएको बताइन् । उनले वर्तमान सरकारले छिटोछरितो काम गर्न अध्यादेश ल्याउनु महत्वपूर्ण विषय भएको भन्दै संविधान कार्यान्वयन गर्न र कतिपय कानून बनाउन अध्यादेश जरुरी रहेकाले प्रतिपक्षले सकरात्मक सहयोग गर्नुपर्ने धारणा राखिन् ।

सभापति दाहालले देश विकास गर्न र जनताको पक्षमा काम गर्न ठूला दुई दल मिलेर वर्तमान सरकार बनेकाले सरकारको टिप्पणी गर्नुभन्दा सकारात्मक र नतिजामूखी काम गर्न सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिइन् । उनले वर्तमान सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गरेको बताउँदै दुई आयोगमा पदाधिकारी नियुक्ति गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराइन् । रासस

# सगरमाथा संवादको तयारी गर्दै प्रधानमन्त्री



**काठमाडौँ ।**
आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौमा हुने सगरमाथा संवाद कार्यक्रमका सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा आइतबार तयारी बैठक भएको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा भएको बैठकले संवादको समग्र मार्गदर्शनका लागि प्रधानमन्त्री ओलीको अध्यक्षतामा निर्देशक समिति गठन गर्ने प्रस्ताव गरिएको छ।

परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाको संयोजकत्वमा संवादको कार्यकारी समिति गठन गर्ने विषयमा छलफल भएको छ । यस्तै, कार्यक्रम आयोजनाका लागि कार्यकारी समिति र सचिवलाय गठन गर्ने तयारी भएको छ ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा.युवराज खतिवडालगायत सहभागी बैठकमा संवादको संयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवालय रहने प्रस्ताव गरिएको छ ।

संवाद कार्यक्रमका लागि छिमेकी मुलुक भारत, चीन तथा दक्षिण एसियाली मुलुकका राष्ट्रप्रमुख वा सरकार प्रमुखसहितलाई विशेष अतिथिका रूपमा आमन्त्रण गर्ने तयारी भएको छ । आयोजना सफल बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट समेत प्रचारप्रसार गराउने तयारी भएको छ । कार्यक्रमबारे सरकारले आइतबारैदेखि 'सगरमाथा संवाद डटकम' वेबसाइट सञ्चालनमा ल्याएको छ ।मुख्य कार्यक्रमको तयारीलाई भव्य तुल्याउन समावेशी प्रतिनिधित्व हुनेगरी महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, युवा, जनजाति, सीमान्तकृत क्षेत्र र वर्गको सहभागितामा पूर्व कार्यक्रम (प्रि–इभेन्ट) आयोजना गर्ने प्रस्ताव पनि गरिएको छ ।

संवादका अवसरमा नेपालको पर्यटन प्रवद्र्धनका लागि नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घलगायत निजी क्षेत्रको सहकार्यमा साइडलाइन इभेन्टहरू तथा प्रदर्शनी गर्ने तय भएको छ । यो अन्तर्राष्ट्रिय संवाद कार्यक्रमले समाजका सबै पक्ष र तिनै तहका सरकारलाई जोड्ने लक्ष्य लिएको छ ।

यही माघ ८ गते अन्तर्राष्ट्रिय हिमनदी वर्ष, २०२५ का अवसरमा प्रधानमन्त्री ओलीले सो संवाद कार्यक्रम काठमाडौँमा गर्ने घोषणा गरेका थिए । सरकारले पहिलोपटक जलवायु परिवर्तन, हिमाल र मानवजीवनको भविष्यलाई केन्द्रमा राखेर हरेक दुई वर्षमा यस प्रकारको विश्वव्यापी संवाद आयोजना गर्न लागेको हो । रासस

# हिमाल काला देखिनु जलवायु परिवर्तनको प्रत्यक्ष प्रमाणः सभामुख

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले हिमाल कालादेखिन थाल्नु नै जलवायु परिवर्तनको प्रत्यक्ष प्रमाण रहेको बताएका छन् ।

'सहारा नेपाल' र 'कोकाकोला फाउण्डेसन'ले आइतबार काठमाडौँमा आयोजना गरेको एक कार्यक्रममा उनले हिमाल जोगाउन सचेत हुनुपर्नेमा जोड दिए । 'हिउँले ढाकिने माछापुच्छ्रे हिमाल केवल कालोपत्र जस्तो मात्र देखिनु जलवायु परिवर्तनको प्रत्यक्ष प्रमाण हो । यो समस्या केवल माछापुच्छ्रेमै सीमित छैन, सम्पूर्ण हिमाली क्षेत्रमा हिउँको मात्रा घट्दै जानु प्राकृतिक चक्रमा गम्भीर असर परिरहेको संकेत हो,' घिमिरेले भने, 'यसले पानीका मुहान सुकाउने र मानिस तथा जनावरको जीवनयापनमा कठिनाइ सिर्जना गर्ने काम गरेको छ ।'



विश्वका समृद्ध तथा औद्योगिक राष्ट्रहरूले अत्यधिक मात्रामा उत्सर्जन गरेको कार्बनको प्रत्यक्ष असर हाम्रो प्राकृतिक सम्पदामा परेको उनको भनाइ छ ।

बढ्दो कार्बन उत्सर्जनका कारण पृथ्वीको तापक्रम वृद्धिले नेपाललाई गम्भीर रूपमा प्रभावित बनाएको भन्दै सभामुख घिमिरेले नेपालको वातावरण संरक्षण तथा जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नका लागि निरन्तर प्रयासरत रहनुपर्नेमा जोड दिए ।

'जलवायु परिवर्तनका कारण उत्पन्न चुनौतीका सामाना गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज तथा अन्तर्राष्ट्रिय साझेदारको सहकार्य अपरिहार्य छ,' उनले भने,'विशेषगरी, जीवनयापन सङ्कट भोगिरहेका समुदायलाई सहयोग पु¥याउने तथा वातावरणीय क्षति न्यून गर्नका लागि योजनाबद्ध प्रयास आवश्यक छ ।' जलवायु परिवर्तनको समाधानमा जनप्रतिनिधिको भूमिका पनि अपेक्षित रहेको सभामुख घिमिरेको भनाइ छ । उनले संसद् र सांसदहरूले जलवायु परिवर्तनको सामना गर्न महत्त्वपूर्ण पहल गरिरहेको जानकारी गराए । 'क्लाइमेट पार्लियामेन्ट' जस्ता अन्तर्राष्ट्रिय फोरममार्फत नेपालको संसद् र सङ्घीय संसद्का सदस्यले जलवायु नीति निर्माण, नवीकरणीय ऊर्जाको प्रवद्र्धन र वातावरणीय सुधारका लागि आवश्यक पहल गरिरहेका छन्,' घिमिरेले भने,'नवीकरणीय ऊर्जाको प्रवद्र्धन,वातावरणीय कानुन निर्माण तथा हरित बजेट विनियोजनका कार्य संसदमार्फत अघि बढिरहेका छन् ।' रासस

# नयाँ शक्तिलाई मूलधारमा लैजान्छौँः डा भट्टराई

**काठमाडौँ ।**
नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का संयोजक डा.बाबुराम भट्टराईले महाधिवेशनमार्फत नयाँ शक्तिलाई जोडेर मूल धारमा लैजाने बाटो तय गर्ने बताएका छन् ।

पार्टीको प्रदेश राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उनले देशलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउन नयाँ वैकल्पिक राजनीतिक शक्तिहरूबीच ध्रुवीकरण जरूरी रहेको खाँचो औँल्याए । 'महाधिवेशनले नयाँ राजनीतिक शक्तिहरूलाई जोडेर मूल धारमा लैजाने बाटो तय गर्नेछ', डा.भट्टराईले भने,'नयाँ युगमा नयाँ वैकल्पिक राजनीतिक शक्तिहरूबीच गोलमेच सम्मेलन र विचार विमर्श हुन जरूरी छ ।'

पूर्व प्रधानमन्त्रीसमेत रहेका नेता भट्टराईले वैकल्पिक शक्तिहरूलाई मिलाएर रूपान्तरणकारी राजनीतिक यात्राका लागि नीति, विचार र सङ्गठनसहितको अभियान थालनी गरिने उल्लेख गरे । महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक दस्तावेदमा नयाँ युगको नयाँ विचार र वैकल्पिक राजनीतिको औचित्य पुष्टि गर्दै डिजिटल प्रविधि र एआइ प्रविधिसहित आगामी यात्रा तय गर्ने उनको दाबी छ ।

डा.भट्टराईको राजनीतिक दस्तावेदमा आर्थिक समृद्धिको मुद्दालाई पहिलो नम्बरमा राखिएको छ । देशको विकास र समृद्धि नहुनाका कारण निरपेक्ष गरिबी, आर्थिक समस्यालाई दस्तावेजले किटान गरेको छ । देशभित्र रोजगारी सिर्जना गर्ने वातावरण बनाउने, युवा पलायन रोक्ने र जनताको सहभागितामा मुलुकको विकास र समृद्धिको यात्रा तय गर्ने दस्तावेजमा भनिएको छ ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यबाहक सभापति डिपी अर्यालले वैशल्पिक शक्तिहरूको सहकार्यबाट राष्ट्रिय समृद्धिको आकांक्षा पूरा गराउनेतर्फ सबै सक्रिय भएर लाग्नुपर्ने बताए । उनले परम्परागत राजनीतिक अभ्यासमा आमूल परिवर्तन गरी नविनतम नीति र प्रविधिको अवलम्बन गर्दै नयाँ वैकल्पिक राजनीतिक शक्तिको स्थापना जरूरी भएको खाँचो औँल्याए ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले नयाँ वैकल्पिक राजनीतिक शक्तिहरूको ध्रुवीकरणमार्फत देशलाई नयाँ दिशामा अगाडि बढाउन जरूरी भएको बताए । 'नयाँ पार्टीका साझा चुनौती भनेको पार्टी स्थापित र विचारको संरक्षण हो, राजनीतिमा युवालाई प्रोत्साह गर्दै नयाँ विचार स्थापित गरेर देशलाई निकास दिन जरूरी छ', उनले भने ।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रेशम चौधरीले मुलुकको विकास र आर्थिक समृद्धिका लागि वैकल्पिक शक्तिहरू एकजुट भएर लाग्नुपर्नेमा जोड दिए । उनले वैशल्कि शक्तिलाई मूल धारमा ल्याउनेगरी गोलमेच सम्मेलन गरेर देशको बृहत्तर हितमा सहकार्यको बाटो पहिल्यानुपर्ने बताए ।

यही २९ गतेसम्म हुने महाअधिवेशनमा एक हजार पाँच समय प्रतिनिधिले भाग लिने महाधिवेशन व्यवस्थापन समितिका संयोजक हिसिला यमीले जानकारी दिए । महाधिवेशनमार्फत ११ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय समिति चयन गरिने जनाइएको छ । रासस

# 'जल यातायातलाई व्यवस्थित गर्न पानी जहाजसम्बन्धी ऐन आवश्यक'

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले उच्च समुद्रमा नेपाली झण्डा अङ्कित पानी जहाज सञ्चालनका लागि कानुनी ढोका खोल्न सरकारले पानी जहाजसम्बन्धी विधेयक अघि बढाएको स्पष्ट पारेका छन् ।

राष्ट्रियसभाको आइतबारको बैठकमा 'पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रतावमाथिको छलफलमा सांसदले उठाएको जिज्ञासाको जवाफ दिँदै उनले देशभित्र चलिराखेको र विस्तार हुनसक्ने जल यातायातलाई व्यवस्थित गर्न तथा समुद्रमा काम गर्दै गरेको नेपालीको नाविक परिचायपत्रलगायतको दस्तावेज तयार गर्न पनि सोसम्बन्धी कानुन आवश्यक भएको बताए । मन्त्री पौडेलले संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा कुनै भूभागको दुई सय माइलभन्दा परको सामुद्रिक खानी, माछा मार्नेलगायत जलचरको उपयोग, सामुद्रिक अनुसन्धानात्मक कार्य र पानी जहाज सञ्चालन गर्ने कार्यमा भूपरिवेष्टित मुलुकको समान अधिकार हुने व्यवस्था भए पनि नेपालले उक्त स्रोतको उपयोग गर्न नसकिरहेको अवस्था रहेको जानकारी गराए ।

यो अधिकार उपयोग गर्नका लागि नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र हुनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले सो महासन्धिलाई नेपालको आन्तरिक कानुनी व्यवस्थामार्फत सम्बोधन गर्न यसअघि भएका पानी जहाजसम्बन्धी ऐनले कुनै व्यवस्था नगरेको बताए ।

'समुद्रमा काम गर्न अत्यावश्यक हुने नाविक परिचयपत्र नेपालले प्रदान गर्नका लागि कानुनी व्यवस्थापन नभएको र उक्त महासन्धि नेपालले अनुमोदन नगरेको हुँदा छिमेकीलगायत अन्य देशहरूबाट परिचयपत्र लिई काम गरिरहेको देखिन्छ', मन्त्री दाहालले भने । अन्य मुलुकबाट परिचयपत्र लिन कठिन हुँदा समुद्रमा रोजगारीको संरक्षण र विस्तार गर्न नसकिएको उनको भनाइ छ ।

त्यसअघि उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसद भगवती न्यौपाने, वेदुराम भुसाल, तुलसा दाहाल, गोपीबहादुर अछामी सार्की, विष्णुकुमारी सापकोटा, रूक्मिणी कोइराला, सुरेश आलेमगर, पदमबहादुर परियार र सुमित्रा विसीले भाग लिएको थियो । बैठकले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको थियो । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले यो विधेयकमाथि संशोधन राख्न चाहने सांसदलाई विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने जानकारी गराए । राष्ट्रियसभाको अर्को बैठक यही माघ २८ गते सोमबार अपराह्न १३:१५ बजे बस्नेछ । रासस

# ‘चालु आवको बजेटको अर्धवार्षिक प्रगति मिश्रित’



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्षको बजेटको अर्धवार्षिक प्रगतिको नतिजा मिश्रित रहेको बताएका छन् ।
राष्ट्रियसभाको आइतबारको बैठकमा ‘आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन’ पेस गर्दै भू–राजनीतिक तनाव तथा अन्य अन्तर्राष्ट्रिय कारणले मूल्यश्रृङ्खला प्रभावित भएको, अपेक्षित रुपमा कर्जा विस्तार हुन नसकेको, निर्माण क्षेत्रमा सुधार आउन नसकेकाले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने चुनौती देखिएको बताए ।
उपप्रधानमन्त्री पौडेलले भने,‘यद्यपि, सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था तथा सुधारका प्रयासका साथै बाह्य क्षेत्रको सन्तुलन, तरलताको पर्याप्तता तथा न्यून ब्याजदरको सुनिश्चितताले आर्थिक गतिविधि वृद्धि भई यसवर्षको आर्थिक वृद्धिदर लक्ष्यको नजिक हुने अपेक्षा गरिएको छ ।’ उनले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा निरन्तर सुधारको प्रयास, अन्तर्राष्ट्रिय मापदण्डअनुरुप लेखाङ्कन तथा प्रतिवेदन प्रणाली कार्यान्वयनमा रहेकाले वित्त प्रणालीको पारदर्शीता र विश्वसनीयता बढेको बताए ।
समीक्षा अवधिमा समग्र खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७ दशमलव ६६ प्रतिशतले बढिरहेको उल्लेख गर्दै अर्थमन्त्रीले आर्थिक वृद्धिको परिचालकका रुपमा रहेको पूँजीगत खर्च आर्थिक वर्षको मध्यसम्म सुस्त रहने विगतको प्रवृत्तिमा भने उल्लेख्य सुधार हुन सकेको बताए ।
अर्थमन्त्री पौडेलले चालु आवमा १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएकामा १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान गरिएको जानकारी गराए । यो रकम शुरू विनियोजनको ९० दशमलव ९९ प्रतिशत हो ।
चालुतर्फ १० खर्ब २९ अर्ब ३० करोड रुपैयाँ अर्थात विनियोजनको ९० दशमलव २४ प्रतिशत, पुँजीगततर्फ दुई खर्ब ९९ अर्ब ५० करोड ९ लाख रुपैयाँ अर्थात विनियोजनको ८५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ तीन खर्ब ६३ अर्ब ९३ करोड २६ लाख रुपैयाँ अर्थात विनियोजनको ९९ दशमलव ०९ प्रतिशत खर्च हुने अनुमान गरिएको उनले जानकारी दिए ।
चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) १४ खर्ब ७५ अर्ब २६ करोड ८२ लाख रुर्पयाँ, वैदेशिक अनुदानतर्फ ३६ अर्ब ६२ करोड ८६ लाख रुपैयाँ र वैदेशिक ऋणतर्फ एक खर्ब ८० अर्ब ८३ करोड ६७ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान छ ।
अर्थमन्त्री पौडेलका अनुसार अर्धवार्षिक समीक्षा अवधिमा प्रदेशलाई ३४ अर्ब ८९ करोड २२ लाख रुपैयाँ र स्थानीय तहलाई एक खर्ब ५० अर्ब २६ करोड ८ लाख रुपैयाँ वित्तीय हस्तान्तरण भएको छ । चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा प्रदेशतर्फ ३६ दशमलव १७ प्रतिशत र स्थानीय तहमा ४८ दशमलव १० प्रतिशत हस्तान्तरण भएको छ ।
समीक्षा अवधिमा प्रदेश र स्थानीय तहमा गरी कूल अनुदानको ४५ दशमलव २८ प्रतिशत हस्तान्तरण भएको छ । अर्थमन्त्रीका अनुसार समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकममध्ये प्रदेश र स्थानीय तहलाई १५ प्रतिशतले ३२ अर्ब २७ करोड ९० लाख रुपैयाँका दरले जम्मा ६४ अर्ब ५५ करोड ८० लाख रुपैयाँ बाँडफाँड गरी पठाइएको छ । जुन गत वर्षको तुलनामा १४ दशमलव १७ प्रतिशतले बढी हो । रासस

# अर्जुन ट्रफीः धनगढीलाई हराउँदै अत्तरिया फाइनलमा

**बैतडी ।**
धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेटमा सिवाइसी अत्तरिया फाइनलमा प्रवेश गरेको छ । आइतबार भएको सेमिफाइनलमा खेलमा डिसिए धनगढीलाई छ विकेटले हराउँदै अत्तरिया फाइनलमा पुगेको हो । जितका लागि एक सय नौ रनको सामान्य लक्ष्य पाएको अत्तरियाले १८ ओभरमा चार विकेट क्षतिमा पूरा गर्‍यो । अत्तरियाका शङ्कर रानाले अर्धशतकीय पारी खेल्दै ५६ रनमा अविजित रहे । दिपेश कँडेलले २४, भीम सार्कीले १६ र विवेक यादव १२ रनमा नटआउट रहे ।
धनगढीका हिक्मत महराले दुई, ललित राजवंशी र भोजराज भट्टले एकरएक विकेट हात पारे। यसअघि फाप्ला क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको धनगढीले २० ओभरमा अलआउट हुँदै एक सय आठ रन बनायो ।
धनगढीका मिलन बोहराले २८, अभिषेक पालले २७, दीपेन्द्रसिंह ऐरीले १५, राहुल भण्डारीले १३, लोकेश बमले ११ रन बनाए । अत्तरियाका विकेक यादव र कमल गुप्ताले दुई÷दुई विकेट हात पारे । अत्तरियाले उपाधिका लागि सोमबार फ्रेन्ड्स युथ क्लब डडेल्धुरासँग खेल्नेछ ।
नेपाल क्रिकेट सङ्घको वार्षिक क्यालेण्डरमा समावेश भएको प्रतियोगिताको विजेताले नगद १० लाख रुपैयाँ र उपविजेताले नगद पाँच लाख रुपैयाँसहित ट्रफी पाउनेछन् ।
धनगढी र सुदुरपश्चिम प्रदेशको क्रिकेटका सारथि रहेका स्वर्गीय अर्जुन खड्कालाई समर्पित गर्दै आयोजना गरिएको प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद एक लाख रुपैयाँ प्रदान गरिनेछ । उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उदयमान खेलाडीले जनही ५०–५० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।रासस

# घिमिरे बने ‘के वान वर्ल्ड म्याक्स’ च्याम्पियन



**काठमाडौँ ।**
‘हिमचितुवा’ उपनामले चिनिने नेपाली किक बक्सर अविरल घिमिरेले किक बक्सिङ क्षेत्रमा एकपछि अर्को कीर्तिमान बनाउन सफल भएका छन् ।
‘के वान प्रोफेसनल किक बक्सिङ’द्वारा जापानको टोकियो सहरस्थित नेशनल योयोगी स्टेडियममा आइतबार आयोजित ‘के वान वल्र्ड म्याक्स २०२५’ प्रतियोगितामा जापानका बक्सर यसुहितो सिरासुलाई ढाल्दै विजयी भएका छन् ।
कात्तिक ११ मा इन्टरनेशनल स्पोर्टस् किक बक्सिङ एशोसिएशनद्वारा जापानको नागोया सहरस्थित नागोया कंग्रेस सेन्टरमा आयोजित ‘इन्टरनेशनल किक बक्सिङ’ (इस्का) प्रतियोगितामा बक्सर घिमिरेले प्रतिद्वन्द्वी फ्रान्सका एन्टोनिन मार्कोनीलाई ढाल्दै ‘वल्र्ड च्याम्पियन’ भएका थिए । उक्त सफलतासँगै बक्सर घिमिरे के वान किक बक्सिङमा तीन खेल जित्दै, इस्का र हिट किक बक्सिङ प्रतियोगिताको विश्वविजेता खेलाडी बन्न सफल भएका छन् ।
म्याक्सको उपाधि चुमेपछि बक्सर घिमिरेले जितका लागि पिता तथा मुख्य प्रशिक्षक देव घिमिरे, प्रशिक्षण लिइरहेको सिमुरा डोजो, हलसम्म आएर हौसला प्रदान गर्ने नेपाली, कोरियन तथा जापानी खेलप्रेमीलाई धन्यवाद दिएका छन् ।
बक्सर घिमिरेले ‘के वान वल्र्ड म्याक्स २०२५’ प्रतियोगितामा जित निकाल्ने क्रममा तेस्रो राउण्डमा प्रतिस्पर्धी सिरासुलाई पराजित गरेका हुन् ।
हालसम्म फ्रान्स, जापान, दक्षिण कोरिया, ब्राजिल, बोलिभिया, नेदरल्याण्डस्, थाइल्याण्डलगायत देशका बक्सरलाई पराजित गरिसकेका चर्चित खेलाडी घिमिरेले पुनः अर्को अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली झण्डा फहराउँदै विश्वमा नेपालको पहिचान बनाउन सफल भएका हुन् ।
उनी जापानको नागोया सहरमा पिता देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । उनी पिता देव पूर्वअन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्ट्याक करातेका खेलाडी छन् । उनले प्रतियोगितामा भाग लिनुपूर्व थाइल्याण्डको टाइगर मुवाथाइ क्लबमा एक महिनाको विशेष प्रशिक्षण लिएका थिए ।
बक्सर घिमिरेका पिता देव सन् २००४ मा कोरियाको सोलमा सम्पन्न ‘के वान प्राफेसलन किक बक्सिङ प्रतियोगिता’ मा करातेतर्फ सहभागी हुने पहिलो दक्षिण एसियाली खेलाडी छन् । चन्द्रागिरि नगरपालिका–१२ गुर्जुधारा बलम्बू निवासी उनको परिवार हाल जापानको नागोया सहरमा बसोबास गर्दै आइरहेको छ । रासस

# इमेज सहकारीका बचतकर्ताको एक करोड फिर्ता

**बागलुङ ।**
इमेज बचत तथा ऋण सहकारी संस्थाका बचतकर्तालाई एक करोड रुपैयाँ फिर्ता गरिएको छ । सहकारीको ढोरपाटन र गल्कोट सेवा केन्द्रका पाँच सय ४७ जना बचतकर्ताले जिल्ला अदालत बागलुङमा संस्थाका अध्यक्ष देवकुमार नेपालीसँग मिलापत्र गरेपछि एक लाख रुपैयाँसम्मका बचतकर्ताको रकम फिर्ता गर्न थालिएको हो ।
ढोरपाटनका ९२ बचतकर्ताले ३७ लाख रुपैयाँ प्राप्त गर्नेगरी चेक बुझेका छन् भने गलकोट नगरपालिकाका एक सय ४७ जना बचतकर्तालाई रकम फिर्ता गरिएको इमेज पीडित संघर्ष समिति गलकोट बुर्तिवाङ संयोजक मञ्जु शर्मा चालिसेले जानकारी दिइन् । ‘दुई दिनमा एक करोड रुपैयाँ बचतकर्तालाई फिर्ता गरियो,’ उनले भने ।
गल्कोट र ढोरपाटनका पाँच सय ४७ बचतकर्तामध्ये एक लाखसम्मका बचतकर्ताले तत्काल फिर्ता पाउनेगरी प्रक्रिया अगाडि बढाइएको चालिसेको भनाइ छ । इलाका प्रहरी कार्यालय हरिचौर र जनप्रतिनिधिको रोहबरमा बचतकर्ताको रकम फिर्ता गरिएको हो । संयोजक चालिसेका अनुसार सहकारीका बाँकी बचतकर्ताको रकम फिर्ताका लागि मिना ग्रुप कम्पनी प्रालिसँग सहकार्य गर्नेगरी सम्झौतासमेत गरिएको छ ।
गत पुस २६ गतेसम्म सहकारीका संस्थापक अध्यक्ष




तथा ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीको सहकारी ठगी मुद्दामा पीडितमध्ये पाँच सय ४७ जनाले बिगो दाबी नगर्ने गरी मेलमिलाप गरेका छन् । सहकारीका बचतकर्ताले नेपालीको घरायसी जायजेथाबाट पाउनुपर्ने रकम पाएको भन्दै मेलमिलाप गरिदिएका हुन् ।
बचतकर्ताको ठगिएको रकम २३ करोड ७५ लाख ४२ हजार तीन सय ४० रुपैयाँ बराबरको रकम घरसारमा मिलेर पाएको जनाउँदै मेलमिलाप गरेपछि मुद्दामा दाबी गरिएको बिगो रकमसमेत घटेको छ । पीडित ताराबहादुर कुँवर, मञ्जु शर्मा चालिसे र यमबहादुर कुँवरसमेत पाँच सय ४७ जनाको मुलुकी फौजदारी संहिता २०७४ को दफा ११७ बमोजिम मिलापत्र गर्न निवेदन आएकाले दफा ११८ (३) बमोजिम मिलापत्र गरिएको आदेशमा उल्लेख छ । सहकारीका अध्यक्ष नेपाली पुर्पक्षका लागि अहिले थुनामा छन् ।रासस

# मुठभेडमा ३१ माओवादी र दुई भारतीय सैनिकको मृत्यु

**नयाँदिल्ली ।**
सुरक्षा बलले लामो समयदेखि चलिरहेको विद्रोहलाई दमन गर्ने प्रयास गरिरहेको बेला मध्य भारतको घना जङ्गलमा आइतबार भएको मुठभेडमा कम्तीमा ३१ जना माओवादी विद्रोही र दुई जना भारतीय कमान्डो मारिएका छन् ।
सीमान्तकृत आदिवासी जनताको अधिकारका लागि लड्दै आएका विद्रोहीहरुद्वारा चलाइएको दशकौँ लामो विद्रोहमा १० हजारभन्दा बढी मानिस मारिएका छन् ।
‘३१ विद्रोही र दुई सुरक्षाकर्मी मारिएका छन् र अन्य दुई सुरक्षाकर्मी घाइते भएका छन्’, वरिष्ठ प्रहरी अधिकारी सुन्दरराज पी.ले भने ।
प्रहरीले क्षेत्रमा खोजी अभियान जारी राखेकोले मृत्यु सङ्ख्या अझै बढ्न सक्ने अधिकारीले बताए । ‘घटनास्थलमा अतिरिक्त बल पठाइएको छ’, उनले भने ।
प्रहरीको विज्ञप्तिअनुसार घटनास्थलबाट स्वचालित हतियार र ग्रेनेड लन्चर बरामद गरिएको छ । विद्रोहको मुटु मानिने छत्तीसगढ राज्यको बिजापुर जिल्लाको जङ्गली क्षेत्रमा मुठभेड भएको थियो । ‘नक्सलवादी (माओवादी) मुक्त भारत हासिल गर्ने दिशामा यो ठूलो सफलता हो’, भारतका गृहमन्त्री अमित शाहले भने । उनले गत वर्ष सरकारले सन् २०२६ सम्ममा विद्रोह दबाउने अपेक्षा गरिएको बताएका छन् । सरकारी तथ्याङ्कअनुसार सुरक्षा बलको कारबाहीमा गत वर्ष २८७ विद्रोही मारिएका छन् । तीसमध्ये अधिकांश छत्तीसगढमा मारिएका थिए ।
माओवादीहरूले स्थानीय बासिन्दाहरूका लागि जग्गा, रोजगारी र यस क्षेत्रको अपार प्राकृतिक स्रोतको हिस्सा माग गर्दै आएका छन् ।
उनीहरू भारतको पूर्व र दक्षिणका विभिन्न दुर्गम समुदायहरूमा प्रवेश गरे । सन् २००० दशकको सुरुसम्म आन्दोलनले शक्ति र सङ्ख्यामा वृद्धि गर्‍यो ।
त्यसपछि नयाँदिल्लीले ‘रेड करिडोर’ भनिने क्षेत्रमा हजारौँ सैनिक तैनाथ गर्‍यो ।
यस द्वन्द्वमा सरकारी बलहरूमाथि धेरै घातक आक्रमणहरू पनि भएका छन् । गत महिना सडक किनारमा भएको बम विस्फोटमा कम्तीमा नौ भारतीय सैनिक मारिएका थिए । रासस

# नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ११ दशमलव ४९ अङ्कले घटेर दुई हजार छ सय ८८ दशमलव ३१ को बिन्दुमा कायम भएको हो ।
आइतबार तीन सय पाँच कम्पनीको एक करोड ५८ लाख ५५ हजार छ सय १० कित्ता सेयर ८४ हजार दुई सय ८० पटक खरिदबिक्री हुँदा आठ अर्ब ३९ करोड ८६ लाख ६० हजार छ सय २८ रुपैयाँ बराबरको कारोबार भएको छ ।
आइतबारको कारोबारमा वित्त समूह शून्य दशमलव ८०, उत्पादन तथा प्रशोधन शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव २५ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३५ र अन्य समूह एक दशमलव ३० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ३५, होटल तथा पर्यटन शून्य दशमलव २४, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव ७६, म्युचुअल फन्ड शून्य दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ५७ प्रतिशतले घटेको छ ।
सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य छ दशमलव ५२ प्रतिशतले घटेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३१ करोड १६ लाख ८३ लाख तीन सय ९५ रुपैयाँ बराबरको सेयर खरिदबिक्री भएको छ । कारोबार भएका सेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको चार लाख ७६ हजार सात सय ७७ कित्ता सेयर किनबेच भएको छ ।रासस

# हरेक कुरामा राजनीतिक रङ्ग छर्नु हुँदैनः सांसद पन्त



## सांसद कमलादेवी पन्तको परिचय

*राष्ट्रियसभा सदस्य कमलादेवी पन्त ६० वर्षअघि गोरखा जिल्लामा जन्मनुभएको हो । राष्ट्रियसभामा भने २०७८ साल माघदेखि संसद्का रुपमा जोडिनुभएको छ । सांसद पन्त हाल राष्ट्रियसभा मातहतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको सभापति हुन् ।*




**काठमाडौँ ।**

सहकारी ऐनलाई राम्रोसँग कार्यान्वयन गर्न सकेको भए अहिलेको समस्या आउने थिएन । अनि सांसद नै सहकारी ठगीमा संलग्न हुनु निकै दुःखद् हो । कांग्रेसका नेताहरु पनि भ्रष्टाचारको मुद्दामा जेल जानुभएको छ तर कांग्रेस त सडकमा गएन नी । अहिले त सडकमा गएर अराजक रुपमा विरोध भइरहेको छ । यो राजनीतिक संस्कार होइन ।

म राजनीतिक पारिवारिक वातावरणमा हुर्किएकी हुँ । यसै सिलसिलामा राजनीतिक अधिकारका लागि अग्रपङ्क्तिमा रहेको पद्मकन्या क्याम्पसमा म अध्ययनका लागि आइपुगेकी थिएँ । नेपाली कांग्रेसका अग्रज नेताहरुको सामीप्यले मलाई लोकतान्त्रिक शासन व्यवस्थाका पक्षमा



अझ सक्रिय भएर अघि बढ्न प्रेरणा पनि मिल्यो । राजनीतिमा लागेर अध्ययन बिग्रने हो कि भन्ने घरपरिवारको चिन्ताबीच मैले राजनीति र पढाई दुवैलाई एकसाथ अघि बढाएँ । कांग्रेसले तत्कालीन पञ्चायत व्यवस्थाविरुद्ध आन्दोलन गरिरहेका बेलामा म पद्मकन्या क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु) को सहसचिव थिएँ । विसं २०४५ मा भएको निर्वाचनबाट स्वविवु सभापतिमा चुनिएँ । पार्टीका काममा पनि सक्रिय म २०४६ सालको जनआन्दोलनमा अझ सक्रियतापूर्वक लागेँ । कुनै पनि हालतमा जनआन्दोलन सफल बनाउनुपर्छ भनेर हामी विद्यार्थीले कम्मर कसेर लागेका थियौँ ।

मेरो जुझारु स्वभाव र क्षमता देखेर नै कांग्रेसले २०५१ सालको आमचुनावमा मलाई गोरखाबाट सांसदका लागि टिकट दियो । मैले २०५१ र २०५६ सालमा गोरखाबाट संसद्को चुनाव जितेकी थिएँ । महिला भएर राजनीति गर्न सहज भने थिएन । राजनीतिमा लागिसकेपछि पुरुषसँग पनि हिँड्नुपथ्र्यो । कोसँग हिँडेको भन्ने प्रश्न आउँथे । महिलासँग मात्रै हिँडेर त साध्य हुन्थेन नी । महिला भएर राजनीति गर्न अहिलेकोभन्दा पहिला चुनौती बढी थियो । विसं २०४६ मै हामीले बहुदलीय संसदीय व्यवस्था अङ्गालेका भए पनि देशभित्र माओवादीको सशस्त्र आन्दोलन, सरकारहरुको निर्माण र विघटन, पार्टीभित्र र बाहिर अन्तद्र्वन्द्व चरम अवस्थामा थियो । यहीबीच राजाले बहुदलीय व्यवस्थामाथि नै धावा बोले । त्यसकाविरुद्ध माओवादी र तत्कालीन सात दलबीच सहकार्य भएर २०६२÷६३ सालमा फेरि आन्दोलन भयो । यी आन्दोलनबाट देशकै शासकीय स्वरुपमा नयाँ अध्याय शुरु भयो । हामी गणतान्त्रिक मुलुकमा रुपान्तरित भयौँ ।

मुलुकमा गणतन्त्र त आयो, तर पछिल्लो समय राजनीतिक संस्कार नै हराउन थालेको आभास भइरहेको छ । अर्थतन्त्र मन्दीको अवस्थामा छ । सरकारहरुले यो चुनौतीलाई कसरी व्यवस्थापन गर्ने हो भन्ने प्रश्न तेर्सिएको छ । विकास, निर्माणका कार्यहरु कसरी सञ्चालन गर्ने ? ऋण कसरी तिर्ने ? यी चुनौती हरेक सरकारकासामु प्रश्न बनेर उभिएका छन् ।

अर्को विषय भनेको, बोल्ने तर काम नगर्ने चलन व्याप्त भयो । सरकारले जनतालाई आश्वस्त तुल्याउन सक्नुपर्छ । जनताको विश्वास जित्नुपर्छ । उनीहरुको मुहार हँसिलो हुँदै जानुपर्छ । जनतालाई खुसी हुन दिनुपर्छ । विडम्बना, राजनीतिमा एकले अर्कालाई गाली गर्ने चलन बढेको बढ्यै छ, असहिष्णु व्यवहारले जरो गाडेको छ । यो प्रवृत्तिमा सुधार हुनुपर्छ । राजनीतिक नेतृत्व र जनताकाबीचको खाडल अझ फराकिलो हुँदै जान थालेको आभास भइरहेको छ । जनता



र राजनीतिलाई जोड्नुपर्ने अहिलेको आवश्यकता हो । यो कार्य जतिसक्दो चाँडो हुनुपर्छ, नत्र मुलुकमा अर्को दुर्भाग्य निम्तिन सक्छ ।

राज्यलाई पनि जनताले विश्वास गर्ने वातावरण हुनुपर्छ । हरेक कुरामा राजनीतिक रङ्ग छर्नु हुँदैन । जस्तै, मन्त्रालयका सचिवहरुलाई पनि राजनीतिक रङ्ग लगाइएको छ । आफ्नो स्वार्थअनुसार रातारात सरुवा गरिन्छ । कसलाई सचिव राख्दा कार्यदक्षता बढ्न सक्छ पो हेर्नुपर्छ । उनीहरुको दक्षताको मूल्याङ्कन हुनुपर्छ । राज्यप्रतिको विश्वास र अर्थ आर्जन अहिलेको आवश्यकता हो । राजनीतिमा समस्याहरु अझ झाङ्गिँदै गएको पाइन्छ । सांसदको गरिमा खस्किएको छ । एकअर्कामा आरोप प्रत्यारोप बढ्दो छ । आज झगडा, भोलि सत्ता परिवर्तन हुन्छ । अनि भाषा फरक हुन्छ । सांसदले आफू आबद्ध दलको निर्देशन (ह्वीप) मान्नुपर्छ, तर सांसदले मनमा लागेको कुरा बोल्न पाइँदैन भन्ने हुन्छ र ? जनताले चाहेको कुरा हरेक सांसदले संसद्मा भन्न पाउनुपर्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यले भनेको मात्रै मान्नुपर्छ भन्ने त हुन्न । हामी सांसदले जनताको पुलको काम गर्नुपर्छ । जनताको भावना सम्बोधन हुनेगरी काम गर्नुपर्छ ।

सांसदहरु स्वयं पनि रचनात्मक हुनुपर्छ । संसद् राम्रोसँग चल्न पाएको छैन । कसरी असफल बनाउने भन्ने मात्र देख्छु । आफूलाई लागेको कुरा बोलेर राख्नुपर्छ नी । अर्को कुरा, संसदीय आचरणलाई ध्यान पुऱ्याउनुपर्छ ।

संविधानमा भएका मौलिक हक कार्यान्वयन हुन नसक्नु अर्को दुर्भाग्य हो । कानुन बनाउँछौँ । तर ऐनको नियमन गर्न सक्दैनौँ । सहकारी ऐनलाई राम्रोसँग कार्यान्वयन गर्न सकेको भए अहिलेको समस्या आउने थिएन । अनि सांसद नै सहकारी ठगीमा संलग्न हुनु निकै दुःखद् हो । कांग्रेसका नेताहरु पनि भ्रष्टाचारको मुद्दामा जेल जानुभएको छ तर कांग्रेस त सडकमा गएन नी । अहिले त सडकमा गएर अराजक रुपमा विरोध भइरहेको छ । यो राजनीतिक संस्कार होइन ।

संविधानका केही कुराहरु संशोधन गर्न आवश्यक छ । महिलाकै मुद्दाहरु पनि छन् । राष्ट्रपति तथा अरु पदमा 'वा, र, तर' जस्ता शब्दहरु सुधार गर्नुपर्ने छ । महिलालाई भूगोलमा आरक्षण दिनेतर्फ पनि सोच्नुपर्छ । संविधान संशोधनको कुरा पार्टीले नै छलफलमा ल्याएको छैन । पहिला त हामीले संविधानको इमान्दार रुपमा कार्यान्वयन गर्नुपर्छ । यति सुन्दर संविधान छ । अहिले संवैधानिक आयोगहरुले राम्रो काम गर्न सकिरहेका छैनन् । जनताको जीवनस्तर के छ ? अनुगमन गर्नुपर्छ । जनताको पेटभरि खान पाउने अधिकार सुनिश्चित गर्नुपर्छ । उनीहरुलाई अधिकारसम्पन्न बनाउनुपर्छ । किन काम हुन सकेन निगरानी गर्न आवश्यक छ ।

पछिल्लो समय गुनासैगुनासाहरु बढिरहेको छ । गुनासा घटाउने र क्षमता अभिवृद्धि गराउने काम गर्नुपर्छ । कानुन र नियमले दिएका अधिकार प्रयोग गर्न डटेर काम गर्नुपर्छ । मुलुकमा सुशासन चाहिँ छैन । भ्रष्टाचार नियन्त्रण हुनसकेमा मात्रै सुशासन हुन्छ । दिगो विकास हुनुपर्छ । तर मुलुकको विकास दिगो छैन । तसर्थ सुशासन कायम राख्न भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक छ । रासस

## चार अस्पतालको साँचो मुख्यमन्त्रीसँग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा अवैधरूपमा सञ्चालित चार निजी अस्पतालले मुख्यमन्त्री सतिश कुमार सिंहको निर्देशन मान्दै अस्पताल बन्द गरेर साँचो मुख्यमन्त्री कार्यालयमा बुझाएका छन् । स्थानीय निकाय र प्रदेश सरकारमा दर्ता नभएका, नियमित नवीकरण नगरेका र कानूनी प्रक्रिया पूरा नगरेका अस्पतालहरूले साँचो बुझाएर इमान्दारिता देखाएका हुन् ।
सीता हस्पिटल, मुस्कान अस्पताल, अरमान हस्पिटल र बिएन हस्पिटल एण्ड रिसर्च सेन्टरले बिरामीको उपचारको व्यवस्था गरिसकेपछि ताला लगाएर मुख्यमन्त्री कार्यालयमा साँचो बुझाएका हुन् । मुख्यमन्त्री सिंहले अनुगमन गरेका अन्य अस्पतालहरु जीवन ज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर, बिएन हस्पिटल एण्ड रिसर्च सेन्टर, जनकपुर ग्राण्डी हस्पिटल, साइन मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर, राम मेमोरियल हस्पिटल, समर हस्पिटलजस्ता अस्पताल अवैध हुन् ।
केयर मेडिकल सेन्टर, नेपाल अपोलो हस्पिटल, मिथिला केयर क्लिनिक, जनकपुर मोर्डन हस्पिटल एण्ड रिसर्च सेन्टर, माँ गायत्री मेमोरियल हस्पिटल र अरमान हस्पिटल पनि सरकारी मापदण्ड लत्याएर चलिरहेका छन् ।

## गुजरामा २८ सय भन्दा बढीलाई एचपिभी खोप लगाइने

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको गुजरा नगरपालिकामा एचपिभी खोप अभियान सम्बन्धि नगरस्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मीहरुको अभिमूखिकरण बैठक सम्पन्न भएको छ । स्वास्थ्य शाखाको अयोजनामा नगरपालिकाको सभाहल बसेको बैठकले खोप कार्यक्रमको लक्ष्य, उदेश्य, उपलब्धी, अवस्थाबारे जानकारी गराउने, पाठेघरको मुखको क्यान्सर निवारण, रणनीतित, खोप अभियानको औचित्य र सञ्चालन प्रक्रियाबारे छलफल गरेको छ । गुजरामा यहि माघ ३० गतेदेखि फागुन ०६ गतेसम्म खोप अभियान सञ्चालन
हुँदैछ । अभियानमा २ हजार ८ सय ९७ छात्रा र किशोरीहरुलाई खोप दिइने लक्ष्य राखिएको स्वास्थ्य संयोजक विजय चौधरीले बताए ।

## कटहरियामा ८९ प्रतिशतले लगाए खोप

एचपिभी खोप अभियानअन्तर्गत कटहरिया नगरपालिकामा ८९ प्रतिशतलाई खोप लगाइएको
छ । अभियानको पाँचौ दिन लक्ष्यित समूहका २ हजार २४ जना किशोरीहरूलाई एचपिभी खोप लगाइएको स्वास्थ्य संयोजक दिनेश प्रसाद यादवले जानकारी
दिए । संयोजक यादवको अनुसार अब कटहरिया नगरपालिकामा ११ प्रतिशत अर्थात् २ सय ६९ जना किशोरीहरुलाइ मात्र खोप लगाउन बाँकी रहेको छ । कटहरिया नगरपालिका भरि कुल २ हजार ४ सय १३ जना किशोरीलाई एचपिभी खोप लगाउने लक्ष्य रहेको छ ।

## सडक विस्तारमा स्थानीयको अवरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं – १२ र १३ अन्तर्गत पर्ने मुर्ली चोकदेखि नेपाल आयल निगम क्षेत्रीय कार्यालयसम्मको सडकलाई फराकिलो बनाउन अतिक्रमण हटाउन पुगेको महानगरको टोली स्थानीयको विरोधपछि पछि हट्न बाध्य भएको छ । सडक अतिक्रमण हटाउन पुगेको महानगरको टोली स्थानीयको चर्को विरोधपछि फर्किएको हो । महानगरपालिकाले माघ ३ गते जारी सूचनामा महानगरपालिकाले सडकको केन्द्रबिन्दुबाट ५–५ मिटरभित्र पर्ने अवैध संरचना हटाउन १५ दिनको समय दिएको
थियो । यद्यपि आइतबार सडक अतिक्रमण हटाउन पुगेको महानगरको टोलीको स्थानीय बासिन्दाले कडा विरोध जनाउँदै नाराबाजी गरेका थिए । विवाद बढ्दै गएपछि स्थिति तनावपूर्ण बनेपछि महानगरको टोली कुनै कारबाही नगरी फर्किएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । स्थानीयले सडक विस्तार गर्दा आफ्नो उठीबास हुने चिन्ता व्यक्त गरेका छन् । महानगरपालिकाले भने सडक साँघुरो हुँदा एम्बुलेन्स, दमकल तथा अन्य आपत्कालीन सवारी साधनलाई आवतजावत गर्न कठिनाइ हुने भएकाले सडक स्तरोन्नति आवश्यक रहेको जनाएको छ ।
आफूहरु विकास विरोधी नभएपनि अतिक्रमण हटाउँदा विस्थापित हुनेहरुको व्यवस्थापनको सुनिश्चित्ता गरेमात्र महानगरको अभियानमा साथ र सहयोग रहने उनीहरुले बताएका छन् ।

## जनमतको १५ औँ निशुल्क आँखा शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साले लोककल्याणकारी अभियान अन्तर्गत पर्साको जगरनाथपुर गाउँपालिका वडा न.३ खलुचडीमा १५ औँ निशुल्क आँखा शिविर सम्पन्न गरेको छ । आइतबार शिविरमा १५९ जना जनाले चेकजाँच गराए । सो मध्ये ५४ जनामा मोतियाबिन्दुको समस्या देखिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फले जानकारी दिए । मोतियाबिन्दु भएकाकोहरुको शल्यक्रिया वीरगंज सामुदायिक आँखा केन्द्रमा निशुल्क रुपमा गरिने अध्यक्ष सरार्फले बताए ।
जनमत पार्टी क्षेत्र न.४ का संयोजक बृजेश्वर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रम गादीमाई साझेदारी वन उपभोक्ता समुहका अध्यक्ष सहरुम राउत गद्दी, स्थानीय अगुवाहरु सोनालाल रौनियार, मदिस राउत गद्दी, तबरेज राउत गद्दी, प्रहरी सहायक निरीक्षक पल्टु ठाकुर, जनमतका नेताहरू जय भोले, रुक्सना खातुन लगायतको सहभागिता रहेको थियो ।
जनमतको अभियानबाट अहिलेसम्म १८ सय ६० भन्दा बढी लाभान्वित भएका छन् भने ५१० भन्दा बढीको मोतियाबिन्दुको शल्यक्रिया गरिएको अध्यक्ष सर्राफले बताए ।

### जनकपुर साहित्य महोत्सवः

# मधेशको राजनीति र सामाजिक संरचनाबारे गहन मन्थन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
छैटौँ जनकपुर साहित्य महोत्सवअन्तर्गत विशेषसत्र 'मधेशको मत'ले मधेशको राजनीति, जनचेतना र बदलिँदो सामाजिक संरचनाबारे गहन गन्थनमन्थन गरियो । सांसदहरु मनिष सुमन, योगेश भट्टराई र डा अमरेशकुमार सिंहले उक्त सत्रमा आफ्ना विचार व्यक्त गरेका थिए । तीनैजनाले मधेशको वर्तमान राजनीतिक अवस्थादेखि सामाजिक संरचनासम्मका विविध पक्षबारे उजागर गरे । सांसद सुमनले मधेसी जनतामा विद्यमान असन्तोष, राजनीतिक व्यवस्थाप्रतिको भरोसाको कमी र विकेन्द्रीकरणको क्रममा देखिएका अवरोधबारे विश्लेषण प्रस्तुत गर्दै भने, 'मधेशमा अहिलेको सबैभन्दा ठूलो चुनौती राजनीतिक रूपमा सम्पूर्ण जनसमुदायलाई आवद्ध गर्नसक्ने नेतृत्वको अभाव हो । सङ्घीयता लागू हुँदा मधेशी समुदायको आकाङ्क्षा पूरा हुने विश्वास थियो । तर, वर्तमान अवस्था हेर्दा ती आकाङ्क्षा अझै परिपूर्ण भइसकेका छैनन् ।'
यस्तै सांसद भट्टराईले मधेशको बदलिँदो सामाजिक संरचनालाई विश्लेषण गर्दै समावेशिता, लैङ्गिक समानता र समुदायबीचको समन्वयमा केन्द्रित रहँदै भने, 'मधेशमा सामाजिक रूपान्तरणका लागि भएको आन्दोलनले ठूला उपलब्धिहरू हासिल गरे पनि सामाजिकस्तरमा समानता र समावेशीताको पूर्णतः कार्यान्वयन हुनसकेको छैन । विशेषगरी लैङ्गिक समानता र सामाजिक न्यायको क्षेत्रमा अझै धेरै चुनौती छन् ।' सांसद डा सिंहले मधेशको विकासमा शिक्षा र स्वास्थ्यको भूमिका उजागर गर्दै यस क्षेत्रमा आवश्यक सुधार र नीतिगत परिवर्तनबारे आफ्ना विचार राखे । उनले भने, 'मधेशको आर्थिक विकासका लागि शिक्षा र स्वास्थ्यको क्षेत्रमा भएको अव्यवस्थित अवस्था सबैभन्दा ठूलो अवरोध बनेको छ । स्वस्थ र शिक्षित जनशक्तिबिना हामी समृद्ध मधेशको परिकल्पना गर्न सक्दैनौँ ।' सत्रका सहजकर्ता पत्रकार टीकाराम यात्रीले विशेष सत्रको समापन गर्दै वक्ताका विचारलाई समेट्दै मधेशको सामाजिक संरचना, राजनीति र समग्र विकासलाई सम्बोधन गर्दै महत्त्वपूर्ण निष्कर्ष प्रस्तुत गरेका थिए ।



उत्सवमा समाजशास्त्री तथा मिथिला संस्कृतिका विशेषज्ञ डा सुवोधचन्द्र भारतीले 'सीताः बियाहक संस्कार आ परम्पराके समृद्ध साझा धरोहरक प्रतिरुप' मा गहन र विचारोत्तेजक प्रस्तुति दिएका थिए । भारतीले मिथिला संस्कृतिमा सीताको विवाह र त्यसको अनन्तकालीन सांस्कृतिक महत्वबारे विस्तृत चर्चा गर्दै सीताको विवाहलाई मिथिला र आर्यसभ्यताको साझा सांस्कृतिक धरोहरका रूपमा व्याख्या गरे ।
उनले भने, 'सीताको विवाह केवल एउटा व्यक्तिगत र धार्मिक घटनामात्र थिएन, यो सम्पूर्ण समाजको समृद्ध सांस्कृतिक परम्परा र मान्यताको प्रतिविम्ब थियो । सीताजस्तो आदर्श व्यक्तित्वको विवाहले नारी सशक्तीकरणको अवधारणालाई पनि बलियो बनाएको छ ।' साहित्य महोत्सवमा 'उज्यालोको यात्रा' विषयमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणले लोडसेडिङको समस्या कसरी समाधान गरेको भन्ने विषयमा आफ्नो अनुभव सुनाए । सहजकर्ता कुन्दन झाले सञ्चालन गरेको उक्त सत्रमा कार्यकारी निर्देशक घिसिङले नेपालका विद्युत् क्षेत्रका प्रगति, चुनौती र सम्भावनाबारे चर्चा गरे । महोत्सवमा 'राज्यको दृष्टिमा मधेस' शीर्षकमा भएको छलफलमा सांसद सन्तोष परियारले मधेसी समुदायको समस्या र सङ्घर्ष नयाँ नभएको बताए । उनले इतिहासका विभिन्न कालखण्डमा मधेशलाई राज्यले उपेक्षित गरेको बताए । राज्यले मधेशलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन नआएकामा सांसद परियारले चिन्ता व्यक्त गरे । 'आन्दोलन र साहित्य' सत्रका प्रमुख वक्ता प्रगतिशील साहित्यकार खगेन्द्र सङ्ग्रौलाले नेपाली साहित्य र आन्दोलनको अद्वितीय सम्बन्धको उजागर गर्दै साहित्य कुनै पनि समाजको गहिरो परिवर्तनको माध्यम मात्र नभई विद्रोहको एक सबल औजार पनि रहेको बताए । उनले नेपाली राजनीतिक आन्दोलन र साहित्यको आपसी सम्बन्धबारे चर्चा गर्दै साहित्यले समाजलाई मात्र नभई चेतनालाई पनि क्रान्तिकारी दिशामा मोड्ने गरेको बताए । उनले साहित्य र

*बाँकी पृष्ठ २ मा*

## अवैध दोहन आशङ्कामा क्रसर उद्योगमा मुख्यमन्त्रीको छापा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नदीजन्य पदार्थको अवैध तथा अनुचित दोहनविरुद्ध मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् र त्यसको प्रयोगस्थलको अनुगमन तीव्र पारेका छन् । मुख्यमन्त्री सिंहले आइतबार साँझ धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा नम्बर ७ पोर्ताहास्थित कमलामाई क्रसर उद्योग तथा कमलामाई बालुवा प्रशोधन उद्योगको निरीक्षण अनुगमन गरेका हुन् । कमला र वरपरका अन्य खोलाबाट जथाभाबी र गैरकानुनी ढङ्गबाट उत्खनन् भएको ढुङ्गा, गिट्टी र बालुवा प्रयोग गणेशमान चारनाथ नगरपालिकाका विभिन्न क्रसर उद्योगहरूले गरिरहेको जानकारी प्राप्त भएपछि मुख्यमन्त्री सिंह धनुषाका प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीसहितको टोलीसँग क्रसर उद्योग अनुगमन गरेका हुन् । मुख्यमन्त्री सिंहले उद्योगमा सञ्चित रहेको ढुङ्गा, गिट्टी र बालुवाको स्रोत तथा तिनको वैधता प्रमाणीकरण नहुँदासम्म ओसारपसार नगर्न निर्देशन दिएका छन् । मुख्यमन्त्री सिंहले सोमबार स्थानीय तहसँग छलफल र अन्य प्रमाणीकरणका विषय टुङ्गो लगाएर मात्र क्रसर सञ्चालन गर्न दिइने जानकारी दिए ।
मुख्यमन्त्री सिंहले कमलामाई क्रसर उद्योगमा पुगेर क्रसर उद्योगको दर्ता, नवीकरण, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, ढुङ्गा, गिट्टी र बालुवाको परिमाणात्मक सञ्चिति, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित मापदण्डअनुसारका ठाउँमा खोला खनिएको वा नखनिएको, खोला खन्दाको ठाउँ र गहिराइ, परिणाम, सञ्चिति प्रमाणीकरण लगायतका विषयमा जानकारी लिएका छन् । कमला खोलाबाट वर्षौंदेखि भइरहेको नदीजन्य पदार्थको अवैध उत्खनन्का कारण नदी प्रणालीमा प्रतिकूल असर परेको छ । क्रसर उद्योगले जेसिभीलगायत उपकरणबाट जथाभाबी र ठूलो परिमाणमा खनिएका नदीजन्य पदार्थ स्थानीयका ट्याक्टरमार्फत क्रसर उद्योगसम्म ओसार्ने गरेका छन् । कमलामाई क्रसर बेचन शर्मा स्वामित्वको उद्योग हो । क्रसर उद्योगहरूले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार वृक्षरोपण, स्थानीयको जीविकोपार्जन तथा चेतना उन्नयनका लागि काम गर्दैनन् । धनुषालगायत जिल्लामा वालुवा प्रशोधन केन्द्रको अनुमति लिई क्रसर उद्योगहरू सञ्चालनमा छन् । अधिकांश क्रसर उद्योग मापदण्डविपरीत वनक्षेत्र, स्वास्थ्यसंस्था, पुलपुलेसा आदिबाट नजिक राखिएका छन् ।

## स्वास्थ्यकर्मीहरुको आन्दोलनमा चिकित्सक संघको ऐक्यबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालमा ५ सय शैयाको भवन निर्माण कार्य अन्योलमा परेको विरोधमा डाक्टर, नर्स, र स्वास्थ्यकर्मीहरूले शुरु गरेका आन्दोलनलाई नेपाल चिकित्सक संघ नारायणी शाखाले समर्थन र ऐक्यबद्धता जनाएको छ । पाँच वर्षअघि मन्त्रिपरिषद्ले नारायणी अस्पताललाई केन्द्रिय अस्पताल घोषणा गर्दै ५ सय शैयाको पाँच तल्ले भवन निर्माणका लागि बजेट निकासा गरेको थियो । तर, शहरी विकास तथा भवन निर्माण विभाग र निर्माण कम्पनीबीचको विवाद अदालतमा पुगेपछि भवन निर्माण कार्य पाँच वर्षदेखि स्थगित भएको छ । अदालतमा यो विवादको सुनुवाइ माघ २८ गते सोमबारको लागि तोकिएको छ । आन्दोलनरत स्वास्थ्यकर्मीहरूले अदालतले मुद्धाको छिनोफानो गर्दै भवन निर्माण प्रक्रिया छिटो अघि बढाउनुपर्ने माग राखेका छन् । नेपाल चिकित्सक संघ नारायणी शाखाका अध्यक्ष डा. मनोज कुमार गुप्ताले आइतबार संघका पदाधिकारी र सदस्यहरूले अस्पताल परिसरमा पुगेर ऐक्यबद्धता जनाएको बताए ।

## तत्काल प्रधानमन्त्री, मन्त्री बन्न राजनीतिमा आएका होइनौंः राउत



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतले तत्काल प्रधानमन्त्री, मन्त्री बन्नका लागि आफूहरु राजनीतिमा नलागेको बताएका छन् । आइतबार डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी(नयाँ शक्ति)को प्रथम राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष राउतले नयाँ पार्टी खोलेको केही समयमै नतिजा खोज्नु गलत रहेको बताए । उनले नागरिकले तत्काल नतिजा खोज्ने गरेको भएपनि त्यसका लागि धैयर्ता राख्नुपर्नेमा उनले जोड दिए । उनले आफू तत्काल प्रधानमन्त्री बन्न, मन्त्री बन्नका लागि नभइ विचार स्थापित गरेर देशलाई निकास दिन राजनीतिमा आएको बताए । अध्यक्ष राउतले पुराना राजनीतिक दलहरुबाट सिकेर नयाँ पार्टी अघि बढ्नुपर्ने बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन